"आर्थिक स्वतन्त्रता र विकासका लागि सहकारीता"

दर्ता नं: ३०३(१८३)०६४/६५

सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.

जगाती-७, भक्तपुर फोन नं. ०१-६६११२००

१९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको **१९ औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सम्बन्धित सबै शेयर सदस्यहरूको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मङ्सिर ३ र ४ गते उपस्थिति भत्ता कार्यालय समय अवधिमा वितरण गरिनेछ ।

कार्यक्रम

मिति : २०८३ मङ्सिर ५ गते, शनिबार

समय : बिहान १०:०० बजे

स्थान : सिद्धि गणेश तालिम हल, खँचा-७, भक्तपुर

नोट : सम्पूर्ण शेयर सदस्यहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

भजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : २९९ ★ ने. सं. ११४७ कछला थ्व, नवमी ★ बुधबार ★ २ मङ्सिर, २०८३ ★ November 18, 2026, Wednesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

त्रिशुलीका बाढी प्रभावित क्षेत्रका स्थानीयसँग नगर प्रमुख प्रजापतिको भेटघाट





भक्तपुर, १ मङ्सिर । रसुवा भोटेकोसी बाढीबाट प्रभावित त्रिशुली बजारका स्थानीय बासिन्दासँग भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्तिक २८ गते भेटघाट गर्नुभयो ।

स्थानीयसँगको भेटघाटको क्रममा उहाँले बाढीबाट भएको जनधनको क्षति, विस्थापित परिवारको अवस्था तथा स्थानीयले दैनिक जीवनयापनको क्रममा भोगिरहेका समस्या र कठिनाइबारे जानकारी लिनुभयो ।

स्थानीय बासिन्दाले बाढीपछि आफूहरूले भोग्नुपरेका पीडा, आवास तथा खाद्यान्नको समस्या र पुनःस्थापनामा भइरहेको कठिनाइबारे नगर प्रमुखसमक्ष आफ्ना गुनासा राख्दै आवश्यक सहयोगका लागि आग्रह गरेका थिए ।

सो अवसरमा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले भोटेकोसी बाढीपीडितका लागि प्रधानमन्त्री राहत कोषमा ७५ लाख ७१ हजार रूपैयाँ आर्थिक सहयोग गरिसकेको जानकारी दिनुभयो । त्यसैगरी, ख्वप अस्पतालका चिकित्सकहरूको टोलीले बाढी प्रभावित क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी प्रभावित नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरेको पनि उहाँले बताउनुभयो ।

विपद्मा परेका नागरिकलाई तत्काल राहत उपलब्ध गराउनुका साथै दीर्घकालीन पुनःस्थापनामा समेत सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले प्रभावित परिवारको समस्या समाधान गर्न सम्बन्धित सबै पक्षले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले प्रभावित नागरिकको वास्तविक अवस्था बुझेर आवश्यक सहयोग तथा पुनःस्थापना कार्यलाई प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभयो ।

त्यहाँका स्थानीय सुनचाँदी व्यवसायी लावसराज शाक्यले बाढी गएको दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि सङ्घीय सरकारबाट कुनै सहयोग प्राप्त नभएको गुनासो गर्नुभयो । विपद्का बेला उद्धार र तत्कालीन राहतका प्रयास भए पनि त्यसपछि पीडित परिवारको जीवनयापन र पुनःस्थापनामा सरकारले ध्यान नदिएको उहाँको भनाइ थियो । घरबारविहीन भएका परिवारलाई सुरक्षित आवास, खाद्यान्न र जीविकोपार्जनको व्यवस्था गर्नुपर्ने पीडितहरूको माग रहेको बताउँदै उहाँले बाढीबाट सडक तथा आवतजावतका संरचनामा क्षति पुगेका कारण दैनिक आवतजावतमा समेत समस्या भइरहेको बताउनुभयो । त्रिशुली बजारमा निर्माणाधीन झोलुंगे पुलबाट जोखिम मोलेर वारिपारि गर्नुपर्ने बाध्यता रहेको भनाइ छ ।

त्रिशुलीका स्थानीय अञ्जेश श्रेष्ठले स्थानीय तहले पनि विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय गरेर सहयोग गरिरहेको बताउनुभयो । तर, नेपाल सरकारको तर्फबाट भने कुनै सहयोग प्राप्त नभएको उहाँको गुनासो छ । प्रधानमन्त्री राहत कोषबाट अहिलेसम्म कुनै रकम प्राप्त नभएको बताउँदै अब माइतीघरमा गएर आफ्ना मागहरू राख्ने र धर्ना दिने तयारी रहेको पनि उहाँले जानकारी दिनुभयो ।

अर्का स्थानीय सुचित जोशीले विपद्का कारण आफ्नो परिवारका चार जना सदस्य श्रीमती, छोरी, भाइ र बुहारी हराएको बताउनुभयो । विपद्को घटनापछि आजको दिनसम्म आफूले क्रिया बस्नसमेत नपाएको र हराएका परिवारका सदस्यहरूको शवसमेत फेला नपरेको उहाँको भनाइ छ । यस क्षेत्रको इन्चार्जको रूपमा काम गर्दै आएका जोशीले दैनिक १५० जनालाई भोजन खुवाउँदै आएको जानकारी दिनुभयो । सामुदायिक भान्छाघर सञ्चालन गरी

बाँकी पृष्ठ ७ मा

देशको अर्थतन्त्र मजबुत बनाउनु आवश्यक

काठमाडौं, १ मङ्सिर । देश विकास गर्न देशको अर्थतन्त्र मजबुत हुनुपर्छ भन्ने कुरामा दुईमत छैन । देशको अर्थतन्त्र कमजोर भएपै देश विकासमा बाधा पर्छ । तर, देशको अर्थतन्त्र त्यतिकै मजबुत हुँदैन । अर्थतन्त्र मजबुत बनाउने काम सरकारको हातमा हुन्छ या सरकारको नेतृत्व गर्ने दलको सिद्धान्त र विचारको आधारमा हुन्छ । विदेशी शक्ति राष्ट्रसँग सर्धै अनुदान, सहयोग मागेर र ऋण लिएर देशको विकास हुन्छ भन्ने होइन । राष्ट्रिय अर्थतन्त्र निर्माणको लागि स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्छ । रोजगारीको अवसर नदिइकन देशको अर्थतन्त्र चलायमान हुँदैन । देशभित्रको जनशक्ति विदेश पलायन भएपछि देशमा जनशक्तिको कमी हुन्छ र अर्थतन्त्रमा शिथिलता आउँछ । यसकारण, अर्थतन्त्र मजबुत हुने आधार तयार गर्नुपर्छ या पूर्वाधार तयार गर्दै जानुपर्छ ।

जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्न आवश्यकताअनुसार सामान उत्पादन गर्नुपर्छ । उत्पादित वस्तु जनताले किन्ने हैसियत हुनुपर्छ । सामान उत्पादन गरेर बिक्री वितरण हुँदैन या जनताको आर्थिक स्तर छैन भने उत्पादन गरेर मात्र हुँदैन । यसको लागि जनताको जीवनस्तर पनि उठ्नुपर्छ । बजारमा सामानको मागै छैन या थोरै मात्र माग छ भने उत्पादन मात्र बढी गरेर हुँदैन । देशको आर्थिक स्थिति नाजुक भएको हुँदा देशको अर्थ व्यवस्था बाह्य र आन्तरिक ऋणमा आधारित छ । ऋणको आधारमा तयार भएको अर्थ व्यवस्थाले देशको विकासलाई उचाइमा पुऱ्याउन सक्दैन । भ्यागुतो जति उफ्रे पनि कान्लामुनिको कान्लामा नै भनेझैं विकास पनि त्यस्तै हुन्छ ।

देशलाई आत्मनिर्भर बनाउन नचाहने सरकारले दीर्घकालीन आर्थिक तथा सामाजिक रूपान्तरणको आधार तयार गर्दैन । राजनीतिज्ञहरूका अनुसार आर्थिक दरिद्रताभन्दा वैचारिक र संस्कार दरिद्रता घातक हुन्छ । आर्थिक गरिबी केही वर्षको मेहनत र प्रयासले सुधार्न सक्छ । तर, वैचारिक र संस्कारगत दरिद्रताले कहिल्यै आत्मनिर्भर र स्वाधीन बन्न दिँदैन । यसकारण, सरकारको नेतृत्व गर्ने दलको सिद्धान्त र विचार सही हुनुपर्छ; व्यापक जनताको हित गर्ने खालको हुनुपर्छ । कति राजनीतिक दलहरू सिद्धान्त र विचारलाई आफ्नो राजनीतिक गन्तव्य बनाउँदैनन् बरु अवसरमा पुग्ने माध्यम बनाउँछन् । विचारको अनुयायीभन्दा अवसर खोज्ने प्रवृत्तिले देशको अर्थतन्त्र कसरी मजबुत या सुदृढ हुन्छ ?

राज्यको ठुलो कोष अनुत्पादक क्षेत्रमा लगानी भयो भन्ने टिप्पणी अर्थविद्हरूको छ । जनतालाई खुसी पार्न या जनताको विश्वास जित्न स-साना सुधारको योजना तय गरेर, विकासको नाउँमा वितरणमुखी कार्यक्रम ल्याएर दीर्घकालीन उद्देश्य फत्ते हुनेछैन । त्यसमाथि अन्तर्राष्ट्रिय बजारमा आउने परिवर्तनले पनि देशको आर्थिक स्थितिलाई प्रभाव पार्छ । देशको आवश्यकताअनुसार उद्योग तथा कारखाना नखोल्नु, बन्द भएका उद्योग सञ्चालन नगर्नु र चलेका उद्योगहरू पनि व्यवस्थित नहुँदा उत्पादनमा कमी र विदेशीको भरमा बस्नुपर्ने बाध्यता आउनु स्वाभाविक हो । उद्योग खोल्ने वातावरण नहुनु, खोलेका उद्योगहरू बन्द हुनु देशको अर्को विडम्बनाको विषय हो । अरु त अरु कृषिप्रधान देशमा कृषिमै आत्मनिर्भर हुन सकेको छैन ।

बाँकी पृष्ठ ८ मा

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १७३

अपराध अनुसन्धान

प्रहरीको दुईवटा Core Function मध्येको अर्को महत्त्वपूर्ण कार्य अपराध अनुसन्धान हो । यस कार्यमा प्रहरी अनुसन्धानको नियन्त्रण महान्यायाधिवक्ता कार्यालय र सो मातहतको सरकारी वकिल कार्यालयहरूको रहेको देखिन्छ । तर, यसको नागरिक तहबाट अपजस र फिल्डको चुनौती प्रहरीको काँधमा हुन्छ जसको कारण दुवै सङ्गठनले गरेका कमजोरीको अपजसको आक्रोस समाजसँग नजिक रहेर काम गर्ने नेपाल प्रहरीमाथि आइपर्छ ।

राज्यको व्यवस्थापिकाले चेक बाउन्सजस्ता देवानी प्रकृतिका मुद्दालाई सरकारवादी फौजदारी मुद्दा दर्ज गराई Criminalize गर्ने गरेकोले फौजदारी मुद्दा खेप्नेहरूको अथाह सङ्ख्या पनि यो समाजको लागि भार बनेको छ । हरेक सार्वजनिक कार्यक्रममा अपराधी र प्रहरी एकसाथ जस्तो देखिन्छ, जुन कुरा प्रहरीलाई थाहा नै हुँदैन । त्यसका तस्बिरहरू सामाजिक सञ्जालमा आउँछन् । जसका कारण अपराधीसँग प्रहरीको साँठगाँठ छ भनी समाजले प्रहरीप्रति नकारात्मक धारणा बनाउँछ भने अर्कोतिर व्यापारिक सामानको बिक्रीमा प्रयोग हुने चेकको मुद्दा दर्ता गर्नुपर्ने र सोमै रुमल्ली रहनुपर्ने कार्य प्रहरीलाई बोझ मात्र नभएर कृत्रिम अपराधीहरू उत्पादन गर्ने थलोजस्तो देखिन्छ ।

अधिकांश जिल्ला सरकारी वकिल कार्यालयको ध्यान पनि यस्तै मुद्दाहरूमा धेरै हुन्छन् । किनभने, यसमा रकम कलमको मोलमोलाइ हुन्छ । जसबाट उत्पन्न हुने नकारात्मकताको परिणामको बोझ प्रहरी सङ्गठनले उठाउनु परिरहेको छ । बढ्दो आर्थिक कारोबार तथा त्यसबाट सृजित आर्थिक अपराधको निवेदन प्रहरी कार्यालयहरूमा अत्यधिक सङ्ख्यामा आउँदा

बाँकी पृष्ठ ७ मा

सुर्खेतमा अक्टोबर क्रान्ति दिवसको अवसरमा अध्ययन गोष्ठी

सुर्खेत, १ मङ्सिर । १०९ औं अक्टोबर क्रान्ति दिवसको अवसरमा अक्टोबर क्रान्ति र यसको महत्त्व पुस्तकको अध्ययन गोष्ठी आइतबार वीरेन्द्रनगरमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सल्लाहकार सदस्य नर्मा गुरुङले अक्टोबर क्रान्तिले विश्वमा सर्वहारावर्गको हुकुम कायम हुनसक्ने शिक्षा दिएको चर्चा गर्दै लेनिनले पार्टीको विचारलाई स्पष्ट रूपमा अगाडि बढाएकाले अक्टोबर क्रान्ति सफल भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले आमूल परिवर्तनको लागि रुसका मजदुरवर्गले दिलो ज्यान दिएर समाजवाद स्थापना गरेको बताउँदै हामीले समाजवादी विचारलाई जनताको घरदैलोसम्म पुऱ्याउनुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी दसौं सुर्खेत जिल्ला सम्मेलन तयारी समिति संयोजक हरिबहादुर बोहराले आज पनि क्रान्तिलाई ओझेलमा पार्न नक्कली कम्युनिस्टहरूलाई अगाडि सारेर भ्रम छरेको छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विकले रुसको समाजवाद खत्तम गर्न पार्टीभित्र पसेका विभिन्न गुप्तचरहरूले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी दसौं जिल्ला सम्मेलन तयारी समितिका उपाध्यक्ष अकल राना, गणेश खड्का, सदस्य चेतन पौडेल, कवि खड्का, शेरबहादुर शाही, हस्त सावद, नगर समिति अध्यक्ष कुस्माखर खनाल, इन्द्रप्रसाद न्यौपानेलगायतले अक्टोबर क्रान्ति र यसको महत्त्व पुस्तकले अक्टोबर क्रान्तिको विषयमा जानकारी पाउन सजिलो बनाएको धारणा राख्नुभएको थियो ।

पुस ९ गते पाङ्गा कीर्तिपुरमा १३ औं नेपालभाषा साहित्य सम्मेलन हुने

कीर्तिपुर, १ मङ्सिर । नेपालभाषा साहित्य तःमुंज्या पाङ्गा कीर्तिपुरको भेला सोमबार बस्यो । भेलाले आगामी पुस ९ गते हुने तेह्रौं नेपालभाषा साहित्य सम्मेलन सफल पार्न बिन्द्रा महर्जनको संयोजकत्वमा २१ सदस्यीय समिति गठन गऱ्यो ।

प्रचारप्रसार र साहित्य सङ्कलनमा नारायण महर्जन, आर्थिक सङ्कलन समितिमा सीताराम महर्जन, अतिथि सत्कारमा हरिकुमार महर्जन, मञ्च व्यवस्थापन समितिमा विकास महर्जन र कान्छाबाबु महर्जनलाई संयोजकको जिम्मेवारी दिने निर्णय गरियो ।

समितिले नेपाल संवत् ११४७ नयाँ वर्ष, सात गाउँले जात्रा, योमरी पूर्णिमाको उपलक्ष्यमा हुने साहित्य तःमुंज्या सम्मेलन सफल पार्न पुस १ गतेभित्र साहित्यहरू बुझाउन अनुरोध गरेको छ ।

भेलामा तःमुंज्याका सचिव एवम् नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले साहित्य सम्मेलन जनताको चेतनास्तर उठाउने, नयाँ जनसाहित्यकारको उत्पादन गर्ने र अध्ययन शैलीको विकास गर्ने उद्देश्य रहेको प्रस्ट पार्नुभयो । उहाँले समाज वर्गमा विभाजित भएझैं साहित्यमा पनि भेद रहेकोले जनताको समस्यालाई उजागर गर्न साहित्यले काम गर्नेछ भन्नुभयो ।

कार्यक्रममा मूल समितिका अध्यक्ष श्रीकृष्ण महर्जनले जनताले लेखेमात्र जनसाहित्य सृजना हुने भएकोले सबैले आफ्नो अध्ययनअनुसार जनसाहित्य कविता, कथा र निबन्ध लेख्न अनुरोध गर्नुभयो ।



कार्तिक नाचको चौथो दिनमा नृत्य प्रस्तुत गरिँदै

विश्व सम्पदा सूचीमा सूचिकृत पाटन दरबार क्षेत्रको परिसरमा सञ्चालन भइरहेको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वको कार्तिक नाचअन्तर्गत आज चौथो दिन सोमबार राति माधवानर लीला (देवी प्याखँ) मा नृत्य प्रस्तुत गर्दै कामकुण्डला, सखी कमल नयनी र चन्द्र नयनी । *तस्बिर: माधवप्रसाद घिमिरे/रासस*

मङ्सिर ५ गते महिला दौड आयोजना हुने

भक्तपुर, १ मङ्सिर । महिलाहरूमा आत्मविश्वास अभिवृद्धि गर्दै खेलकुद तथा शारीरिक गतिविधिप्रति आकर्षित गर्ने उद्देश्यले 'ब्याडिज रन २०२६' आयोजना हुने भएको छ । १६ वर्षीया आराध्य घिमिरेको पहलमा आगामी नोभेम्बर २१ अर्थात् मङ्सिर ५ गते शनिबार ललितपुरमा ५ किलोमिटर दौड आयोजना हुन लागेको हो ।

ख्वप माध्यमिक विद्यालयमा कक्षा १२ को मानविकी सङ्कायमा अध्ययनरत घिमिरेले महिलाहरूलाई एकै ठाउँमा जोड्दै उनीहरूबिच आपसी सहयोग, हौसला र आत्मविश्वास बढाउने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागेकी हुन् ।

कम उमेरमै सामाजिक तथा सामुदायिक गतिविधिमा सक्रिय घिमिरे आफैंले कार्यक्रमको अवधारणा विकास गर्नेदेखि आवश्यक अनुमति तथा प्रशासनिक प्रक्रिया पूरा गर्ने, प्रायोजकसँग समन्वय गर्ने, स्वयंसेवक परिचालन गर्ने र व्यवस्थापनको जिम्मेवारीसमेत सम्हाल्दै आएकी छन् ।

आयोजकका अनुसार दौडमा सहभागी हुने महिलाहरूले ५ किलोमिटर दूरी पार गर्नुपर्नेछ । महिलाहरूले आफ्नो शारीरिक क्षमता प्रदर्शन गर्नुका साथै एकअर्कालाई प्रोत्साहन गर्ने साझा मञ्चका रूपमा कार्यक्रमलाई अघि बढाइएको घिमिरेले बताउनुभयो ।

ललितपुरको जावलाखेलस्थित सेन्ट जेभियर्स कलेज नजिकैको सार्वजनिक पार्कबाट बिहान ६ बजे दौड सुरु हुनेछ । कार्यक्रममा सहभागी हुन इच्छुकले पोस्टरमा रहेको क्युआर कोड स्क्यान गरी नाम दर्ता गर्न सक्नेछन् ।

१६ वर्षीया किशोरीको नेतृत्वमा आयोजना हुन लागेको यो कार्यक्रम खेलकुदमार्फत महिला सहभागिता अभिवृद्धि गर्नुका साथै युवा नेतृत्व र सामुदायिक सक्रियताको उदाहरणसमेत बन्ने अपेक्षा गरिएको छ ।

वडास्तरीय मैत्रीपूर्ण फुटसल प्रतियोगिता सम्पन्न, त्रिपुरासुन्दरी युवा समूह प्रथम

भक्तपुर, १ मङ्सिर । भक्तपुर नगरपालिका वडा नं. ५ स्थित चण्डेश्वरी मचा खल:को आयोजनामा सञ्चालित ५ वडास्तरीय मैत्रीपूर्ण फुटसल प्रतियोगिता-२०८३ सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंले प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएकोमा आयोजक चण्डेश्वरी मचा खल:लाई धन्यवाद व्यक्त गर्दै युवाहरूलाई खेलकुदप्रति आकर्षित गर्न, स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्न र शारीरिक तथा मानसिक स्वास्थ्यका लागि यस्ता प्रतियोगिता महत्त्वपूर्ण हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले खेलकुदलाई प्राथमिकतामा राखेर विभिन्न गतिविधि सञ्चालन गर्दै आएको उल्लेख गर्दै उहाँले युवाहरू खेलकुदमा सक्रिय हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा खल:का अध्यक्ष विजयराम माकले संस्थाले पहिलोपटक फुटसल प्रतियोगिता आयोजना गरेको बताउनुभयो । निकट भविष्यमा खेलाडी छनोट गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उल्लेख गर्दै उहाँले प्रतियोगितामा सहभागी सम्पूर्ण टीम, खेलाडी तथा सहयोगीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो ।

युवाहरूलाई खेलकुदमा सक्रिय बनाउने, स्थानीय खेलाडीहरूको प्रतिभा पहिचान गर्ने तथा विभिन्न सङ्घसंस्था र क्लबबिच आपसी मित्रता र भाइचारा



अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ ।

आइतबार हेल्डी फुटसल, कालाँचामा आयोजित प्रतियोगितामा त्रिपुरासुन्दरी युवा समूह प्रथम भएको छ ।

प्रतियोगितामा चण्डेश्वरी मचा खल: दोस्रो, नवप्रतिभा विद्यार्थी मञ्च तेस्रो र टौमढी युथ क्लब चौथो भएका छन् ।

प्रतियोगितामा डिजेन ख्वालापाला उत्कृष्ट खेलाडी (Best Player), रुकेश माक उत्कृष्ट गोलरक्षक (Best Keeper) र क्रिजल श्रेष्ठ सर्वाधिक गोलकर्ता (Highest Scorer) घोषित भएका छन् ।

दोस्रो स्काउट फ्रेन्डसिप क्याम्प सम्पन्न

भक्तपुर, १ मङ्सिर । निओ फ्युजन ओपन रोभर/रेन्जर क्रयु भक्तपुर नेपालको आयोजनामा सञ्चालित दोस्रो स्काउट फ्रेन्डसिप क्याम्प २०८३ ककनीस्थित स्काउट तालिम केन्द्रमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्काउट तालिम अनुभवबाट प्राप्त हुने ज्ञान भएको बताउँदै यसबाट सिकेका ज्ञान, सीप र अनुभव जीवनभर उपयोगी हुने बताउनुभयो । स्काउटमा आबद्ध व्यक्तिहरूमा अनुशासन, आत्मनिर्भरता र सेवाभावको विकास हुने उल्लेख गर्दै उहाँले स्काउटले व्यक्तिलाई असल, जिम्मेवार र सहयोगी नागरिक बन्न प्रेरित गर्ने बताउनुभयो ।

स्काउट केवल तालिम र मनोरञ्जनमा सीमित नभई समाजसेवाको महत्त्वपूर्ण अङ्गसमेत भएको उहाँको भनाइ थियो । समाजमा देखिएका विभिन्न विकृति, विसङ्गति र समस्याहरूको समाधानमा स्काउटहरूले महत्त्वपूर्ण भूमिका खेल्नसक्ने बताउँदै उहाँले समाजमा सकारात्मक परिवर्तन ल्याउन युवाहरू सक्रिय हुनुपर्नेमा जोड दिनुभयो । स्काउटले आफू मात्र सक्षम बन्ने नभई अरूलाई पनि सहयोग गर्ने, विपद् तथा कठिन परिस्थितिमा सेवा गर्ने र समाजप्रति आफ्नो जिम्मेवारी पूरा गर्ने भावना विकास गराउने उहाँले बताउनुभयो । समाजसेवामा लाग्न र नि:स्वार्थ भावले अरूको सहयोग गर्न स्काउटले उत्प्रेरित गर्ने उहाँको भनाइ थियो ।

भक्तपुर नगरपालिका आज विभिन्न क्षेत्रमा नमुना बन्न सफल हुनुमा यहाँका जनताको सहयोगी भावना, आपसी एकता र जनश्रमदानको ठुलो योगदान रहेको उहाँले बताउनुभयो । नगरपालिकाको विकास निर्माण तथा सामाजिक गतिविधिमा जनताको सक्रिय सहभागिता र सहयोगले नै भक्तपुरलाई उदाहरणीय बनाउन सम्भव भएको उहाँले उल्लेख गर्नुभयो ।

भक्तपुरमा अहिले शिक्षा, संस्कृति, सम्पदा संरक्षण तथा विकास निर्माणलगायतका क्षेत्रमा प्रतिस्पर्धा बढिरहेको बताउँदै उहाँले भक्तपुर नगरपालिकाले शिक्षालाई प्राथमिकतामा राखेर काम गर्दै आएको जानकारी दिनुभयो । शिक्षामा गरिएको लगानी, विद्यालयहरूको व्यवस्थापन र विद्यार्थीको शैक्षिक गुणस्तर सुधारका लागि गरिएको निरन्तर प्रयासकै कारण भक्तपुर शैक्षिक क्षेत्रमा अगाडि बढ्न सफल भएको उहाँले बताउनुभयो ।

विद्यार्थीहरूलाई किताबी ज्ञानसँगै व्यावहारिक ज्ञान, सीप, अनुशासन र सामाजिक जिम्मेवारीबारे पनि सिकाउन आवश्यक रहेको बताउँदै उहाँले स्काउट क्याम्पले विद्यार्थीहरूलाई आत्मनिर्भर, अनुशासित र समाजप्रति उत्तरदायी बन्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका स्थानीय स्काउट आयुक्त बालकृष्ण बनमालाले दोस्रो स्काउट फ्रेन्डसिप क्याम्पमा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । स्काउटिङ आफ्नो लागि मात्र नभई अरूलाई समेत सहयोग पुग्ने काम भएको बताउँदै उहाँले सेवामुखी स्काउटिङमा जोड दिइरहेको बताउनुभयो ।

स्काउटर नर्स सुजाता कुतुवाले क्याम्पमा सहभागी हुन पाउँदा खुसी लागेको बताउँदै यति ठुलो क्याम्पमा सेवा गर्ने अवसर प्राप्त भएकोमा सन्तुष्टि व्यक्त गर्नुभयो । स्काउटमा लाग्दा केही दु:ख र चुनौती भए पनि यसबाट जीवनोपयोगी ज्ञान र सीप प्राप्त हुने उहाँले बताउनुभयो ।

रोभर रेन्जर राजीव गपीले क्याम्पमार्फत रोभर रेन्जरहरूलाई नयाँ नयाँ कुरा सिकाइएको बताउँदै व्यावहारिक ज्ञान र सीप प्रदान गर्नु क्याम्पको विशेषता भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा गर्ल्स स्काउट प्रतिनिधि रिन्चेन लामा र ब्वाइज स्काउट प्रतिनिधि रचन कोजुले क्याम्पमा सहभागी भएर धेरै नयाँ कुरा सिक्ने अवसर प्राप्त भएको अनुभव सुनाउनुभयो ।

क्रयुका सदस्य न्हुज किजूले दुई रात तीन दिनसम्म सञ्चालन भएको क्याम्पमा रोभर रेन्जर तथा विद्यालयका स्काउटरहरूले विभिन्न ज्ञान, सीप र अनुभव हासिल गरेको बताउनुभयो ।

क्याम्प चिफ सविन लेबाले क्याम्प सफल बनाउन सहयोग गर्ने अतिथि, प्रशिक्षक, स्काउटर, स्वयंसेवक, सहभागी विद्यार्थी तथा सहयोगी सबैप्रति आभार व्यक्त गर्नुभयो ।

क्याम्पमा भक्तपुरका ६ वटा विद्यालयका करिब २ सय जना विद्यार्थी सहभागी भएका थिए । समापन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले सहभागी विद्यार्थी तथा रोभर रेन्जरहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

कोप-३१ मा नेपालसहितको प्रस्ताव 'कभर डिसिजन' मा सम्बोधन

अन्ताल्या (टर्कीए), १ मङ्सिर । टर्कीएको अन्ताल्यामा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिका पक्ष राष्ट्रहरूको ३१ औँ सम्मेलन (कोप-३१) मा नेपाल, भुटान र किर्गिजस्तानले संयुक्त रूपमा अघि सारेको पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी प्रस्तावलाई सम्मेलनको 'कभर डिसिजन'मा सम्बोधन गरिएको छ ।

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको सम्मेलन (कोप) मा कभर डिसिजन वा कभर टेक्स्ट भन्नाले सम्मेलनको अन्त्यमा जारी गरिने समग्र राजनीतिक दस्तावेजलाई जनाउँछ ।

त्यसले वार्ताका विभिन्न विषय तथा निष्कर्षहरूलाई एकीकृत गर्दै समग्र राजनीतिक दिशा र सन्देश निर्धारण र सम्मेलनका प्रमुख प्राथमिकता र महत्त्वपूर्ण विषयलाई उजागर गर्नेछ ।

नेपालसहितका मुलुकको उक्त प्रस्तावलाई सम्मेलन अध्यक्षताको परामर्शमा तयार गरिएको कभर डिसिजनको मस्यौदामा समेटिएको छ ।

कोप-३१ को अध्यक्षको परामर्शमा तयार गरिएको तथा १६ नोभेम्बर (सोमबार)सम्म उल्लेख भएको 'प्रेसिडेन्सी-लेड पार्टी-ड्रिभन कभर डिसिजन' शीर्षकको मस्यौदामा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्य कार्यक्रम स्थापना गर्ने विषय समावेश छ ।

पर्वतीय क्षेत्र तथा हिमनदीमा निर्भर समुदाय जलवायु परिवर्तनका प्रतिकूल प्रभावबाट विशेष रूपमा प्रभावित भइरहेको अवस्थालाई स्वीकार गर्दै कभर डिसिजनमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्य कार्यक्रम गर्ने विषय समेटिएको छ ।

प्रस्तावमा पर्वतीय क्षेत्रको वैज्ञानिक अध्ययन तथा बुझाइ अभिवृद्धि, जलवायु अनुकूलनका प्रयासलाई सुदृढीकरण, उत्थानशीलता निर्माण तथा हिमनदीमा निर्भर समुदायलाई आवश्यक सहयोग उपलब्ध गराउने विषयलाई प्राथमिकता दिइएको छ । ती विषयमा कोप-३१ को सुरुआतमै नेपाल, भुटान र किर्गिजस्तानले संयुक्त रूपमा प्रस्ताव अघि सारेका थिए ।

कभर डिसिजनको बुँदा ३१ मा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्य कार्यक्रम स्थापना गर्ने प्रस्ताव गरिएको छ । उक्त कार्यक्रममार्फत पर्वतीय क्षेत्रको वैज्ञानिक अध्ययन, जलवायु परिवर्तनका असरको मूल्याङ्कन, अनुकूलनका उपाय तथा जोखिम न्यूनीकरणका प्रयासलाई थप प्रभावकारी बनाउने लक्ष्य राखिएको छ ।

त्यस्तै, कोपको कार्यसूचीमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी विषयलाई स्थायी रूपमा समावेश गर्ने प्रस्ताव पनि कभर डिसिजनमा राखिएको छ । त्यस विषयमा छलफल गर्न कोप-३२ मा उच्चस्तरीय संवाद आयोजना गर्ने उल्लेख छ ।

कभर डिसिजनको बुँदा ३२ मा जलवायु परिवर्तनसम्बन्धी सहायक निकायका ६६ औँ र ६८ औँ सत्रमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी संवाद आयोजना गर्ने विषयलाई स्वागत गरिएको छ । त्यस्ता संवादलाई निरन्तरता दिँदै कोपको अध्यक्षताको नेतृत्वमा नियमित उच्चस्तरीय संवाद सञ्चालन गर्न प्रोत्साहन गकरिएको छ ।

त्यस्ता संवादमार्फत पर्वतीय मुलुक, आदिवासी जनजाति तथा स्थानीय समुदायका अनुभव, आवश्यकता र प्राथमिकतालाई अन्तर्राष्ट्रिय जलवायु नीति तथा कार्ययोजनामा समेट्ने लक्ष्य राखिएको छ । त्यस्तै जलवायु अनुकूलन र उत्थानशीलता निर्माणका क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्यलाई थप सुदृढ बनाउने अपेक्षा छ ।

नेपाल र भुटानले पर्वतीय क्षेत्रमा बढ्दो तापक्रमका प्रभावलाई सम्बोधन गर्न १.५ डिग्री सेल्सियस तापक्रम वृद्धिले पर्वतीय क्षेत्रमा पार्ने प्रभाव' शीर्षकमा संयुक्त प्रस्ताव अघि सारेका थिए । त्यस्तै, किर्गिजस्तानले पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी नियमित उच्चस्तरीय संवादलाई संस्थागत गर्ने प्रस्ताव गरेको थियो ।

सङ्क्षिप्त समाचार

अन्तर्राष्ट्रिय शैक्षिक सहकार्य विस्तार गर्न त्रिविद्वारा 'कन्ट्री फोकल पर्सन' को आह्वान

काठमाडौँ, १ मङ्सिर । त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले विश्वका विभिन्न मुलुकका विश्वविद्यालय तथा अनुसन्धान संस्थाहरूसँग शैक्षिक सहकार्य विस्तार गर्न 'कन्ट्री फोकल पर्सन' नियुक्तिका लागि आवेदन माग गरेको छ ।

सो विश्वविद्यालयको उपकुलपतिबाट नियुक्त हुने प्रावधानसहित अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रले स्थायी प्राध्यापकहरूबाट सो जिम्मेवारीमा नियुक्त गर्ने प्रक्रियाअन्तर्गत आशयपत्र माग गरेको हो ।

सो भूमिकामा नियुक्त हुने प्राध्यापकको सम्बन्धित देशका विश्वविद्यालयसँग भएका पुराना सम्झौतालाई सक्रिय बनाउने, संयुक्त अनुसन्धान तथा विद्यार्थी-प्राध्यापक आदानप्रदान प्रवर्द्धन गर्ने, अनुसन्धानका लागि आर्थिक स्रोत खोज्ने र विदेशी विद्यार्थीलाई त्रिविमा आकर्षित गर्न सहजीकरण गर्ने जिम्मेवारी तोकिएको छ ।

त्रिविका अनुसार आगामी मङ्सिर १० गतेसम्म अनलाइनमार्फत आवेदन दिनसक्ने जानकारीसहित आवेदकको अन्तर्राष्ट्रिय अनुभव, व्यक्तिगत विवरण र आगामी दुई वर्षको ठोस कार्ययोजना संलग्न हुनुपर्ने छ ।

यसै सन्दर्भमा आवेदक प्राध्यापकहरूमध्येबाट अन्तर्राष्ट्रिय अनुभव, सम्बन्धित देशसँगको पूर्वसम्पर्क र सहकार्य विस्तार गर्न सक्ने क्षमताका आधारमा 'कन्ट्री फोकल पर्सन' छनोट गरिने त्रिविले स्पष्ट गरेको छ । ***रासस***

मासु जाँच ऐन आजदेखि कार्यान्वयनमा

काठमाडौँ, १ मङ्सिर । उपत्यकाका तीन जिल्लाले आजदेखि 'पशु बधशाला तथा मासु जाँच ऐन, २०५५' कार्यान्वयनमा ल्याएका छन् ।

काठमाडौँ, ललितपुर र भक्तपुरका तीन जिल्लाले आजदेखि उक्त ऐन कार्यान्वयनमा ल्याएको कृषि, वन तथा पर्यावरण मन्त्रालयले जनाएको छ ।

उक्त कानुन जारी भएको २८ वर्षपछि कार्यान्वयनमा आएको हो । काठमाडौँ, भक्तपुर र ललितपुरका २१ स्थानीय तहबाट उक्त ऐन कार्यान्वयन गरिएको मन्त्रालयका सहप्रवक्ता एवं वरिष्ठ कृषि अर्थविज्ञ डा. लालकुमार श्रेष्ठले राससलाई जानकारी दिनुभयो ।

योसँगै अव्यवस्थित ठाउँमा पशु बध गरेर उपभोक्तासम्म अस्वस्थ मासु पुग्ने क्रम रोकिने विश्वास गरिएको छ । सरकारले गत भदौ १ गते नै राजपत्रमा सूचना प्रकाशन गरी देशभर तीन चरणमा ऐन लागू गर्ने कार्यतालिका सार्वजनिक गरेको थियो । त्यसैअनुसार पहिलो चरणमा आजदेखि ऐन कार्यान्वयनमा आएको हो ।

आजदेखि पहिलो चरणमा काठमाडौँ उपत्यकाका तीन जिल्लाका २१ स्थानीय तहमा यो ऐन लागू भएको छ । ऐन कार्यान्वयन भएसँगै जथाभावी पशु बध गर्न र मासु बेच्न नपाइने भएको छ । ***रासस***

अर्घाखाँचीमा पहिलोपटक देखियो नेपालमा मात्र पाइने दुर्लभ चरा 'काँडे भ्याकुर'

अर्घाखाँची, १ मङ्सिर । नेपालमा मात्र पाइने दुर्लभ चरा 'काँडे भ्याकुर' अर्घाखाँचीको शितगङ्गा नगरपालिकास्थित ठाडादह क्षेत्रमा पहिलोपटक अभिलेख गरिएको छ । जिल्लाको दक्षिणी क्षेत्रमा यो प्रजाति देखिनु जैविक विविधताको अध्ययन र अभिलेखीकरणका दृष्टिले महत्त्वपूर्ण मानिएको छ ।

डिभिजन वन कार्यालय अर्घाखाँचीका अनुसार यसअघि जिल्लाको दक्षिणी क्षेत्रमा काँडे भ्याकुर देखिएको अभिलेख थिएन । ठाडादहमा यसको उपस्थिति पुष्टि भएपछि जिल्लाको वन तथा प्राकृतिक बासस्थानमा पाइने चराको विविधताबारे थप जानकारी प्राप्त भएको छ ।

कार्यालयका सूचना अधिकारी केसर खड्काले नेपालबाहेक विश्वका अन्य कुनै पनि देशमा प्राकृतिक रूपमा नपाइने यो चरा ठाडादहमा देखिनु जिल्लाका लागि महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो ।

अङ्ग्रेजीमा 'स्पाइनी ब्याब्लर' नामले चिनिने काँडे भ्याकुरको वैज्ञानिक नाम 'एकान्थोप्टिला निपालेन्सिस' हो । यो नेपालको मौलिक जैविक सम्पदाका रूपमा परिचित छ ।

काँडे भ्याकुर सामान्यतया घना झाडी, वनका झाडीदँर क्षेत्र तथा प्राकृतिक वनस्पतिले ढाकिएका स्थानमा बस्ने लजालु स्वभावको चरा हो । झाडीभित्र लुकेर बस्ने भएकाले यसलाई सहजै देख्न कठिन हुन्छ । त्यसैले नयाँ क्षेत्रमा यसको उपस्थिति अभिलेख हुनु पक्षी अध्ययन तथा जैविक विविधताको पहिचानका दृष्टिले महत्त्वपूर्ण मानिने सूचना अधिकारी खड्काले बताउनुभयो ।

प्राकृतिक सुन्दरता र जैविक विविधताका दृष्टिले महत्त्वपूर्ण ठाडादह क्षेत्रमा यसको उपस्थिति देखिनुले यहाँको पर्यावरणीय महत्त्वसमेत उजागर गरेको छ । यस क्षेत्रका वन तथा प्राकृतिक बासस्थानमा अन्य प्रजातिका चरासमेत हुन सक्ने सम्भावना रहेको छ ।

सूचना अधिकारी खड्काले काँडे भ्याकुरजस्ता दुर्लभ चराको संरक्षणका लागि प्राकृतिक बासस्थान जोगाउनुपर्ने बताउनुभयो । वन विनाश, झाडी तथा प्राकृतिक वनस्पतिको क्षयीकरण र मानवीय गतिविधिले यस्ता चराको बासस्थानमा असर पार्न सक्ने भएकाले संरक्षणमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

ठाडादहमा काँडे भ्याकुरको उपस्थिति अभिलेख हुनुले अर्घाखाँचीको जैविक विविधताको पहिचानसँगै पक्षी अवलोकन, अनुसन्धान तथा पर्यापर्यटनको सम्भावनासमेत उजागर गरेको छ । (तस्बिर: डिभिजन वन कार्यालय अर्घाखाँचीको फेसबुक पेजबाट । ***रासस***



दुई हजार २०० मिटरको उचाइमा अवस्थित सिन्धुपाल्चोकको भोटेकोसी गाउँपालिकाको यार्मासिडमा रहेको दुगुनागढी किल्ला । विसं १९१२ मा नेपाल र तिब्बतीबिच भएको लडाइँमा नेपालको सुरक्षाका लागि तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले निर्माण गर्न लगाएको यस किल्लाबाट निर्णायक आक्रमण युद्धको क्रममा प्रधानमन्त्री आफैँले यस गढीमा घुँडा टेकेर तिब्बती फौजमाथि गोली प्रहार गरेको ऐतिहासिक वर्णन पाइन्छ । नेपालको ऐतिहासिक १० गढीमध्ये दुगुनागढी एक हो भने यहाँ उहाँको पैतालाको निशान अझै सुरक्षित रहेको पाइन्छ । अहिले यो क्षेत्र ऐतिहासिक अध्ययनका साथै पदयात्राको आकर्षक गन्तव्य बनेको छ । *तस्विर: मणिसुन्दर कोइराला/रासस*

प्रविधिमैत्री अनुसन्धानबाट वित्तीय अपराध नियन्त्रणमा जोड

काठमाडौँ, १ मङ्सिर । प्रहरी महानिरीक्षक डा. मनोजकुमार केसीले वित्तीय अपराध नियन्त्रण तथा अनुसन्धानलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि र वैज्ञानिक अनुसन्धान पद्धतिको प्रयोगलाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ ।

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको ७१ औँ स्थापना दिवसको अवसरमा आज आयोजित एकदिवसीय कार्यशाला गोष्ठीको उद्घाटन गर्दै उहाँले वित्तीय अपराध नियन्त्रणमा आधुनिक प्रविधि र वैज्ञानिक अनुसन्धानमा जोड दिनुपर्ने बताउनुभएको हो ।

उहाँले वित्तीय अपराध अनुसन्धानलाई परिणाममुखी बनाउन सरकारी निकाय, नियामक संस्था, बैङ्क तथा वित्तीय संस्था, दूरसञ्चार सेवा प्रदायक र अन्य सरोकारवाला निकायबिच समन्वय र सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो । अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन सम्बन्धित निकायबिच सूचनाको सहज, समयमै र प्रभावकारी आदानप्रदान गर्ने प्रणाली सुदृढ बनाउनुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

'आधुनिक प्रविधि र वैज्ञानिक अनुसन्धान: वित्तीय अपराध रोकथाम नेपाल प्रहरीको मूल अभियान' भन्ने नाराका साथ आयोजित कार्यशालाको मुख्य विषय 'वित्तीय अपराध अनुसन्धान: प्रमाण सङ्कलनदेखि फैसलासम्म' रहेको छ ।

कार्यशालामा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक, अपराध अनुसन्धानकर्ता, अभियोजनकर्ता, वित्तीय नियामक निकाय, बैङ्क तथा वित्तीय संस्था र दूरसञ्चार सेवा प्रदायकका प्रतिनिधिलगायत सरोकारवालाको सहभागिता रहेको छ ।

सोही अवसरमा प्रहरी महानिरीक्षक डा. केसीले 'नेपाल प्रहरीले अनुसन्धान गरेका चर्चित घटनाको सङ्ग्रह-भाग ३' पुस्तक लोकार्पण गर्नुभयो । कार्यशालाले वित्तीय अपराध अनुसन्धानका विद्यमान चुनौतीको वस्तुनिष्ठ विश्लेषण गर्नुका साथै प्रमाण सङ्कलन, विश्लेषण, अभियोजन र न्यायिक निरूपणसम्मका प्रक्रियालाई थप प्रभावकारी बनाउने उपाय पहिचान गर्न सहयोग पुग्ने प्रहरी प्रधान कार्यालयले जनाएको छ । ***रासस***

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

आर्थिक प्रस्ताव खोल्नेबारे सूचना

प्रकाशित मिति : २०८३/८/२ गते

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको चालू आ.व. २०८३/८४ का लागि स्वीकृत तपसिलमा उल्लेखित योजनाहरूका लागि मिति २०८३/०६/२१ गते गोरखापत्र दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचनाबमोजिम म्यादभित्र प्राप्त बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सफल भएका बोलपत्रहरुको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम मिति २०८३/०८/११ गते बिहान १० बजे भनपा कार्यालयमा खोलिने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

१. Khwopa Aspatal Parisar Sahayak Purwadhar Nirman Karya (Finishing karya)
(ठेक्का नं. bktmun/NCB/works/01/083/84)

क्र.सं.	प्राविधिक प्रस्ताव मूल्याङ्कनमा सफल बोलपत्रदाहरूको नाम र ठेगाना	कैफियत
१.	S.R. Builders & Engineering Consult Pvt. Ltd., Byasi-2, Bhaktapur	
२.	Sapana and Swikriti Nirman Sewa Pvt. Ltd., Kathmandu	

२. Construction of Multipurpose Building at Takokiba (Second Phase)
(ठेक्का नं. bktmun/NCB/works/02/083/84)

क्र.सं.	प्राविधिक प्रस्ताव मूल्याङ्कनमा सफल बोलपत्रदाहरूको नाम र ठेगाना	कैफियत
१.	S.R Builders & Engineering Consult Pvt. Ltd., Byasi-2, Bhaktapur	
२.	Matribhumi-Luckystar J/V, Baneshwor, Kathmandu	
३.	Rose-Pindeshwori J/V, Chyamasingh-8, Bhaktapur	
४.	Bihani Nirman Sewa, Sanga, Kavre	
५.	Deshemaru Construction Pvt. Ltd., Bhaktapur	
६.	High Rise Construction Pvt. Ltd., Tinkune, Kathmandu	
७.	Orbit Engineering and Builders Pvt. Ltd., Gokarneshwor, Kathmandu	
८.	URCC/BBNS JV, Phungling Municiplaity-4, Taplejung	
९.	Marga Devi Nirman Sewa Pvt. Ltd., Balkot-2, Bhaktapur	
१०.	Khaptad Construction and Suppliers Pvt. Ltd., Pokhara-16, Kaski	
११.	PR/Manushree JV, New Road Kathmandu	
१२.	Jaya Kulayan-Binita Shree JV, Itahari 17	

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति २०८३/०६/२१ गते गोरखापत्र दैनिकमा प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचनाअनुसार म्यादभित्र प्राप्त बोलपत्रहरूमध्ये औसत कबोल रकम नजिक रहेको बोलपत्रदाताले कबोल गरेको प्रस्ताव औसत मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएको तपसिलको बोलपत्र स्वीकृत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सम्बन्धित बोलपत्रदाताहरूसमेतको जानकारीका लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	ठेक्का नं. र कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अङ्क
१.	bktmun/NCB/ works/03/ 083/84 (Singhakhwate Boringko Khanepani Bhandaran garna Tanky Nirman Karya)	Pancha and Sons Construction, Bhaktapur	रु. ६१,०२,३३६।२० भ्याट र PS बाहेक (अक्षरेपी एकसट्ठी लाख दुई हजार तीन सय छतीस रुपैयाँ र बीस पैसा मात्र)

। सम्पादकीय ।

रास्वपा सरकार प्रमुख भारत भ्रमणमा नेपालको हितविपरीत के के हुँदै छ ?

रास्वपा सरकारको नेतृत्वमा पुगेको आठ महिना भयो । यही मङ्सिर ६ र ७ गते सरकार प्रमुखको भारतको राजकीय भ्रमण हुने सार्वजनिक भयो । राजकीय भ्रमणमा सरकार प्रमुखलाई भारतीय सेनाको टुकडी राष्ट्रपति भवनमा सम्मान गारद (गार्ड अफ अनर) दिनेछ । दुई देशका सरकारहरूको भ्रमणमा सरकार प्रमुखहरूको नियत कति सफा छ भन्ने मुख्य हुन्छ । नेपालका सरकार प्रमुखले प्रतिनिधिसभाको बैठकमा 'नेपालले भारतको जग्गा मिचेको' उल्लेख गरे । यो सत्य होइन । यो भ्रमणमा भारतले आफ्नो जग्गा मिचिएको नेपालसँग फिर्ता माग्यो भने रास्वपा सरकारले कहाँको दिने हो ? यो प्रश्न उठिरहेको छ ।

भ्रमणमा रास्वपा सरकारले भारतसँग एक अर्ब डलर अनुदान र एक अर्ब डलर सहुलियत ऋण अपेक्षा गरेको सार्वजनिक भयो । भारतले नेपालको जग्गा सुस्ता, लिम्पियाधुरा, कालापानी, लिपुलेकलगायत ७१ भन्दा बढी ठाउँमा मिचेको भूमि फिर्ता लिने विषय नउठाउने अनि दुई अर्ब डलर ऋण अनुदानको विषय उठाउने रास्वपा सरकारको नियत भारतीय विस्तारवादसामु आत्मसमर्पण नै भएको पुष्टि भएन र ? भारतले नेपालको जग्गा मिचेको फिर्ता गर्न नपर्ने भए दुई अर्ब डलर ऋण अनुदानमा अझ थप्ने रास्वपा सरकारलाई कसरी थाहा भएन ?

भारतले सिक्किम कब्जा गर्नुपूर्व त्यहाँका सरकार प्रमुख लेन्डुप दोर्जेलाई पनि दिल्लीमा रातो कार्पेट ओछ्याएर राजकीय सम्मानका साथ स्वागत गरेको थियो । अन्ततः लेन्डुपको मृत्यु गल्लीको कुकुरको अवस्थामा भयो । नेपाल सरकारले भारतसँग खरिद गरेको रक्षा सामग्रीको अर्ब रूपैयाँको ऋण मिनाहा गर्न २० वर्षदेखि अनुनयविनय गर्दै आएको र यसपटक रास्वपा सरकारले पनि यो विषय उठाउने सार्वजनिक भयो । २१ वर्षदेखिको ऋण यसपटक नेपाल सरकारलाई भारतले मिनाहा कसरी गर्ला ? सन् १९५० को 'नेपाल-भारत शान्ति र मैत्री सन्धि' अनुसार नेपालले सैन्य सामग्रीलगायत अन्य सामानहरू भारतसँग किन्नुपर्ने बाध्यता छ । भारतले नेपाललाई कोइलाले चल्ने रेल पठाएर आफूले बिजुलीले चल्ने रेल सुरु गरेको थियो । रासायनिक मलसमेत गुणस्तरहीन र म्याद नाघेको भारतले नेपालमा पठाएको सार्वजनिक हुँदै आएको हो । दसैँ-तिहारमा पटाका भारतबाटै नेपाल पठाइन्छ । यो वर्ष पटाकामा परेर वीरगञ्जमा ५ वर्षीय बालकको ज्यान गयो । नेपालीले गीत पनि बनाएको हो - 'मागेको धोतीले मेरो लाज छोपिन्न' । तर, शासकहरू मागेरै काठमाडौँमा घर-जग्गा जोड्न लागे । 'नेपाल सरकार खरिद ऐन संशोधन गरेर सैन्य सामग्रीको ३ अर्ब रूपैयाँ तिर्न नसक्ने अवस्थामा किन ?

नेपाल सरकारले विगतदेखि भारतबाट महेन्द्रनगर, नेपालगञ्ज, जनकपुर र विराटनगरमा हवाईजहाज प्रवेश अनुमति माग्दै आए पनि प्राप्त भएन । यतिबेला भारत प्रवेशका लागि नेपालले काँकडभिट्टा दिएमात्र भारतले महेन्द्रनगर वा नेपालगञ्ज प्रवेशको बाटो दिने सार्वजनिक भयो । यसले भारतको जनसङ्ख्या र भूगोल जति ठुलो छ त्योभन्दा बढी नियत सानो भएको पुष्टि गऱ्यो । भारतको आश्रयमा भएको माओवादी सशस्त्र द्वन्द्वको बेला बनाइएको नेपाल-भारत सीमा नक्सामा नेपालीले उपभोग गर्दै आएको र नेपाल सरकारबाट जग्गा धनी पुर्जासमेत प्राप्त जग्गा, जङ्गल, पुलपुलेसा, ताल, पोखरी भारतको नक्सामा पारियो । रास्वपा सरकारले सोही नक्सालाई सदर गरी सीमा विवाद टुङ्ग्याउने सार्वजनिक भयो । सो नक्सा खारेज गरी दुई देशको हितमा नयाँ नक्सा निर्माण गर्न रास्वपा सरकारले पनि अडान राख्न सकेन । अन्तर्राष्ट्रिय कानुनअनुसार भूपरिवेष्ठित देश नेपाललाई समुद्रसम्म पुग्ने पारवहन अधिकार भारतले दिएको छैन । रास्वपा सरकारले यो विषयबिनाको भारतसँग 'कनेक्टिभिटी' को के विषय उठाउने हो ?

अघिल्ला सरकारहरूले जस्तै रास्वपा सरकारले पनि भारतलाई जलविद्युत् परियोजना दिने थप सहमति गर्दै छ । जलविद्युत्को नाममा भारतलाई नेपालका नदीनाला र जल सम्पदा कब्जा गर्न दिइएकोमा नेपाली जनताको विरोध पुरानो हो । शासकहरूले २०४६ सालयता नेपालका नदीनाला भारतको साझा हुने गरी सही गरेर दिए भने कोसी र गण्डक सम्झौताको विरोध गरेका एमाले, माओवादी, जनमोर्चासमेतले सरकारमा पुगेपछि महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, तिला १, तिला २, अरुण तेस्रो, तल्लो अरुण, पश्चिम सेती, सेती १, फुकोट कर्णाली, चिसापानी कर्णाली पनि भारतलाई दिए । पछिल्लोपटक सरकारको नेतृत्व गरेका देउवाले लुम्बिनी भ्रमणमा आएका मोदीलाई अरुण चौथो 'प्रसाद' दिए । रास्वपा सरकारको यो भ्रमणमा नेपालीको लगानीमा बिजुली उत्पादन गरी इन्धन आयातमा भइरहेको व्यापार घाटा घटाउने विषय नउठ्ने बरु नेपालको बाँकी जल सम्पदा भारतलाई दिने देशघाती सम्झौता हुने सम्भावना छ । नेपाली जनता सचेत भएर नेपालको हितविपरीतका सम्झौताहरू खारेज गराउन आवाज उठाऔँ ।

एआईले घटाउँदै छ रोजगारीको सङ्ख्या

● दाम्बिसा मोयोए

जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा भएको प्रगतिको तीव्रगतिले अर्थव्यवस्था, व्यवसाय र समाजलाई कसरी प्रभाव पार्छ भनी पूर्वानुमान गर्न निकै कठिन बनाएको छ । तर, एउटा कुरा स्पष्ट देखिन्छ कि एआईका नयाँ अनुप्रयोगले थोरैलाई अथाह लाभ पुऱ्याउनेछ, रोजगारीको सङ्ख्या घटाउनेछ र सरकारसामु ठुला नीतिगत चुनौती खडा गर्नेछ ।

अब आर्थिक वृद्धिका तीन प्रमुख घटक पुँजी, श्रम र उत्पादकत्वलाई एआईले कसरी प्रभाव पार्छ, त्यो हेर्नौं । पुँजीको सन्दर्भमा एआई इनोभेसनका लागि विशाल लगानी आवश्यक पर्ने हुँदा यसबाट लाभान्वित हुने पनि त्यो परिमाणमा लगानी जुटाउन सक्ने तिनै थोरै फर्महरू नै हुनेछन् । अर्थात्, त्यो सङ्ख्या निकै साँघुरो र अधिक केन्द्रित हुनेछ । आ-आफ्ना बजारमा एकाधिकार जमाएका ठुला प्रविधि कम्पनी मात्र लार्ज ल्याङ्गवेज मोडेल (एलएलएम) हरूको विकास र प्रशिक्षणसँग सम्बन्धित विशाल लागत वहन गर्न समर्थ हुनेछन् ।

यस्तो लागतमध्ये पनि ठुलो लागत उन्नत ग्राफिक्स प्रोसेसिङ युनिट (जीपीयू)को सञ्चालन र विशाल डेटा सेन्टरको पावरिङ र कुलिङमा जानेछ । मल्टिभर्सका प्रमुख प्रविधिसम्बन्धी अधिकृत साम मुगेलका अनुसार एलएलएमको अर्को पुस्तालाई तालिम दिन कम्तीमा एक अर्ब डलर खर्च हुनेछ । सन् २०२३ मा मात्र संयुक्त राज्य अमेरिकाका शीर्ष सात प्रविधि कम्पनी (म्याग्निफिसेन्ट सेभेन)ले अनुसन्धान र विकास (आरएन्डडी) का लागि संयुक्त रूपमा ३७० अर्ब अमेरिकी डलर छुट्याएका थिए । यो भनेको लगभग युरोपियन युनियनको अनुसन्धान र विकासको समग्र बजेट (व्यवसाय र सार्वजनिक क्षेत्र दुवैको गणना गर्दा) बराबर हो ।

एआईसँग सम्बन्धित लाभ र हानि अर्थव्यवस्थामा कसरी वितरण हुनेछन् वा यसमा को विजेता हुनेछन् र कसले क्षति व्यहोर्नुपर्नेछ भनी अहिले नै अनुमान गर्नु धेरै हतार हुनेछ । गोल्डम्यान स्याक्सको एक रिपोर्टले एआईले अटोमेसन क्षेत्रमा ३० करोड पूर्णकालिक रोजगारी खोस्न सक्ने अनुमान गरेको छ । तर, वर्ल्ड इकोनोमिक फोरमले ८०३ कम्पनीमा गरेको सर्वेक्षणले भने एआईले हरित सङ्क्रमण (ग्रिन ट्रान्जिसन) र जलवायु परिवर्तन अनुकूलनमा योगदानबाट सिर्जना हुने रोजगारीको मध्यनजर निकै कम मात्र खुद घाटा हुने औंल्याएको छ । धेरैलाई एआईले दीर्घकालीन संरचनात्मक बेरोजगारीमा योगदान पुऱ्याउँदै बेरोजगार दर (दक्ष र अदक्ष कामदार दुवैमा) सिर्जना गर्ने डर छ ।



माथिका अनुमानले के हुनसक्छ भन्ने कुराको आधार रेखा प्रदान गरे पनि यो विषयमा हाम्रो सोचलाई परिष्करणको पर्याप्त सम्भावना छ । हामी चिप म्यानुफ्याक्चर, एआई पूर्वाधार र एआई अनुप्रयोगबाट स्वास्थ्य सेवा, शिक्षा र दूरसञ्चारजस्ता क्षेत्रमा सर्दै गर्दा रोजगारीमा यसको प्रभाव व्यापक रूपमा भिन्न हुनसक्छ ।

यी क्षेत्र एआई नवप्रवर्तनबाट लाभ उठाउन तम्तयार छन् । टेक्नोलोजीको आधारमा, चिप म्यानुफ्याक्चर (जस्तै एनभिडिया)हरूले फ्याब्रिकेसन (चिप उत्पादन गर्ने कारखाना) सुविधाहरू निर्माण र एआई क्रान्तिलाई ड्राइभ गर्ने गरी उत्पादन क्षमतामा लगानी गर्ने क्रममा पहिले नै विशाल वृद्धि र रोजगारी सिर्जना गरिसकेका छन् । नयाँ प्रविधिको प्रयोग कसरी हुनेछ वा यसले कस्तो प्रभाव पार्न सक्छ भनेर कसैले पनि भविष्यवाणी गर्न नसक्ने भएकोले यसबाट अन्यत्र कति रोजगारी सिर्जना हुने वा गुम्ने भन्ने कुरा स्पष्ट छैन । दीर्घकालीन दक्षता र उत्पादकत्व वृद्धिमा एआईको प्रभावका प्रारम्भिक सङ्केत उत्साहजनक छन् ।

उदाहरणका लागि, एरिक ब्रायनजोल्फसन, डेनियल ली र लिन्डसे आर रेमन्डले सन् २०२३ मा पाँच हजार कामदारमा गरेको एक अध्ययनले एआई उपकरणले कामदारको उत्पादकत्व औसतमा १४ प्रतिशत र नयाँ र अदक्ष कामदारमा ३४ प्रतिशतले वृद्धि गरेको पाएको थियो । धेरै पहिलेदेखि नै प्रविधिगत प्रगतिमा व्यापार र दूरसञ्चारमा विश्वव्यापी कनेक्टिभिटी बढाउने, स्वास्थ्य सेवा र शिक्षाजस्ता सार्वजनिक वस्तुमा पहुँच विस्तार गर्ने, नवप्रवर्तनलाई गति दिने, जीवनस्तर सुधार गर्ने र अन्ततोगत्वा व्यापक आर्थिक वृद्धिलाई सशक्त बनाउने इतिहास रहिआएको छ । एआईले पनि यसो गर्दैन भनेर सोच्नुपर्ने कुनै कारण छैन ।

यसबाहेक, एआई पूर्ववर्ती प्रविधिभन्दा छिटो व्यापक अर्थव्यवस्थामा फैलन सक्छ । जसको अर्थ एआईसँग सम्बन्धित उत्पादकता र दक्षताको लाभ छिट्टै प्राप्त हुनसक्छ भन्ने नै हो । पहिलेका सामान्य प्रयोजनका प्रविधि (जस्तै वाष्प इन्जिन, विद्युतीकरण र पर्सनल कम्प्युटर) का लागि आधारभूत पूर्वाधार निर्माण गर्न विशाल खर्चको आवश्यकता पर्‍यो । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को सुपर साइकलले उत्पादकत्व वृद्धि र मजबुत आर्थिक वृद्धिलाई सन् २०३० सम्ममा विश्वव्यापी रूपमा १६ ट्रिलियन अमेरिकी डलर पुऱ्याउने पिडब्लुसीको आकलन छ । तर, यी लाभ मुख्यतया पुँजीका मालिकलाई नै प्राप्त हुनेछ । सङ्कुचनको सम्भावना रहेको श्रमशक्तिलाई खासै लाभ प्राप्त हुनेछैन ।

कम श्रमप्रधान आर्थिक वृद्धिको आजको युगमा धेरैजसो कम्पनी र उद्योगले आफ्ना व्यवसायका मोडललाई अनुकूलन गर्नेछन् अर्थात् रोजगारीमा पुँजीको अनुपात बढाउनेछन्; जसका कारण सरकारले पनि कर र कल्याणकारी नीतिको पुनः मूल्याङ्कन गर्न आवश्यक छ । यदि अधिक आर्थिक लाभ पुँजीका मालिकमा प्रवाह भइरहेको छ भने करहरू तदनुसार परिवर्तन गर्न आवश्यक हुन्छ । उदाहरणका लागि स्वचालन र थोरैभन्दा थोरै कार्यबलद्वारा सिर्जित अतिरिक्त मुनाफामा हिस्सा लिन सरकारलाई कर्पोरेट करका उच्चदर आवश्यक हुन सक्छ ।

- प्रोजेक्ट सिन्डिकेटबाट
(मोयो लेखक तथा अर्थविज्ञ हुन्)

रेबिजविरुद्ध सुई लगाएको थाहा भएन



पाठक पत्र

हाम्रो नगरमा विगतमा भन्दा यसपालि सामुदायिक कुकुरहरूको सङ्ख्या आश्चर्यलाग्ने ढङ्गले सबै वडामा बढेको छ । मानिसहरूलाई हिँडडुल गर्न नै अप्ठ्यारो भएको छ । कुकुरहरू धेरै भएकोले होला कुकुर झगडा पनि त्यतिकै देखिएको छ । ती कुकुरले टोक्ने जोखिम पनि बढेको छ । ती कुकुरले टोक्दा भएको घाउको त सजिलै उपचार हुन्छ तर बहुलाएको कुकुर पऱ्यो भने त बित्यास पर्छ ।

बहुला कुकुरले टोकेमा लगाइने एन्टी रेबिज भ्याक्सिन सरकारी अस्पतालमा अभाव छ, बाहिर किन्दा महँगो छ ।

केही हप्ता पहिले भक्तपुर नगरपालिकाले टोलटोलमा टोली खटाई सामुदायिक कुकुरको बन्ध्याकरण र रेबिजको सुई लगाएको थियो । त्यो कार्यक्रममा भएभरका सबै कुकुरलाई सुई लगाउन सकेजस्तो लाग्दैन । त्यस्तै, नगरबाहिरबाट कुकुर पनि आएका होलान् ।

त्यो टोलीले बन्ध्याकरण गरिएकालाई केही नगरे पनि रेबिजको सुई लगाइएका कुकुरको कान, पुच्छर या उपयुक्त ठाउँमा कुनै ट्याग वा हतपत नमेटिने रङ्गको चिनो लगाइदिएको भए धेरै राम्रो हुन्थ्यो । त्यसो नगर्दा हालै यस टोलका एक बालकलाई स्थानीय कुकुरले टोक्यो । त्यो कुकुरलाई टोलीले सुई लगाएको चाहिँ हो कि होइन ? थाहा भएन र रेबिजविरुद्ध खोप लगाउन जानुपऱ्यो ।

आशा छ, भविष्यमा सामुदायिक कुकुरलाई रेबिजको सुई लगाएपछि केही चिनो राख्ने व्यवस्था हुनेछ ।

- एक नगरवासी, भक्तपुर

सन् १९१७ को मजदुर क्रान्ति - ९

✍ नारायणमान बिजुक्छें (रोहित)

३१ अक्टोबर (१३ नोभेम्बर)

फिनल्यान्ड पुग नपुग १०० वर्षदेखि रुसको प्रभावमा थियो । त्यहाँको संसद्मा समाजवादीहरूको बहुमत थियो । करेन्स्कीले त्यस संसद्लाई भङ्ग गरेको थियो । त्यसको विरोधमा फिनल्यान्डका रेलका मजदुरहरूले देशव्यापी हडताल गरेका थिए । पेट्रोग्रादमा बोल्शेभिकहरूको विजयले राजधानी हेलसिङ्गीको सोभियत र बाल्टिक सागरको जहाजी सेनाको केन्द्रीय समिति (त्सेन्त्रोबोल्ट) दुवैले सोभियत गतिविधिलाई दबाउने आदेश दिए । त्यहाँ बोल्शेभिकहरूको राम्रो प्रभाव पर्न थाल्यो ।

मस्कोमा पनि सोभियत सैनिकहरूले टेलिफोन र रेडियो केन्द्र कब्जा गरेका थिए । त्यसबेला सोभियतहरूको पक्षमा १० हजार छाउनीका सिपाही र केही लालरक्षकमात्र थिए । उता अस्थायी सरकारको पक्षमा ६ हजार युङ्कर, २-३ हजार कज्जाक र दुई हजार श्वेत रक्षक थिए । मस्कोको केन्द्र र क्रेमलिन दरबार युङ्करहरूको हातमा थियो । त्यसको चारैतिर सोभियत सिपाहीहरू एक हुन कोसिस गर्दै थिए । तर, युङ्करहरूले बोल्शेभिकहरूमाथि अचानक हमला गरेर टेलिफोन अड्डा र रेडियो केन्द्र फेरि आफ्नो हातमा लिए र सोभियत सिपाहीहरूलाई गोली हान्दै थिए । पछि सोभियत सिपाहीहरूले पनि मस्को ड्युमा भवन, मेजिस्ट्रेट अफिस, पाँचतारे होटल (मेट्रोपोल होटल), ठुलठुला बैङ्क र ठुलठुला व्यापारीका पसल एवम् गोदाममा गोलाबारी गर्न थाले । मस्कोको स्थितिमा पेट्रोग्रादको घटनाले तय गर्थ्यो । पेट्रोग्रादको विजयले मस्कोमा राम्रो प्रभाव पर्नु स्वाभाविक थियो । पेट्रोग्रादको विजयको खबरले दक्षिणी रुसको क्रिमियाको सेभास्तोपोल (Sevastopol) बन्दरगाहमा जहाजी सेना र माझीहरू मिलेर सैनिक सोभियतले शासन आफ्नो हातमा लियो ।

पेट्रोग्रादको दक्षिणमा रहेको नोभ्गोरोद (Novgorod), मस्कोको दक्षिणपूर्वमा भोल्गा नदीको किनारमा रहेको सरातोभ (Saratov) भन्ने नगरमा पनि सोभियतको पक्षमा सङ्घर्ष चर्कदै थियो । मस्कोको पूर्वको एक सहर कजान (Kazan) र भिनित्सामा पनि स्थिति त्यस्तै थियो । बुल्गेरिया र अरु ६० वटा मोर्चाबाट सिपाहीहरूका प्रतिनिधि पेट्रोग्राद आएर सोभियतलाई समर्थन र शुभकामना दिए ।

अड्डा र बैङ्कहरू, छाउनी र मुख्यमुख्य ठाउँ कब्जा गरेर पनि बोल्शेभिकहरूले राम्रो काम गर्न सकिरहेका थिएनन् । बुद्धिजीवी, कर्मचारी र प्रतिक्रियावादी पार्टीहरूको प्रभावमा परेका मजदुरले क्रान्तिलाई असहयोग गरेको हुँदा विजयको खुसीको समयमा पनि बोल्शेभिकहरूलाई पिर परिरहेको थियो । माझी, सिपाही, सेना, लालरक्षक, मजदुर र किसानहरूले ती ठाउँहरू कब्जा गरे । तर, तिनीहरूलाई टाइप गर्न आउँदैनथ्यो र एकै औलाले एकएक अक्षर खोजीखोजी टाइप गर्नुपर्दथ्यो । लिथो (गेस्नर) बाट छाप्न आउँदैनथ्यो । यसकारण, तिनीहरू सिक्न कोसिस गर्दै थिए । टेलिफोनको काम आउँदैनथ्यो; सिक्दै थिए । त्यस्तै, बैङ्कका ठुलठुला खाता हेरेर तिनीहरू जिल्ल परेका थिए । विदेशसँगको सम्पर्कको निम्ति तिनीहरूलाई अनुवाद गर्न आउँदैनथ्यो । तर, पनि बोल्शेभिकहरू स्थितिलाई सम्हाल्न खोज्दै थिए ।

१४ नोभेम्बर

अरू ठाउँमा जस्तै मस्कोमा पनि व्यापारी, कालोबजारी, पुँजीपति, जमिनदार, सैनिक अफिसर, राजनीतिज्ञ, शिक्षक, विद्यार्थी, साधारण पेसाका मानिस, पसले, कर्मचारी, कम्पनीहरूका दलालजस्ता मानिसहरू क्रान्तिको विरोधमा थिए । साधारण, मजदुर, माझी, निराश नभएका सिपाहीहरू, खेताला मजदुर तथा साना थोरै बुद्धिजीवीहरू बोल्शेभिक र क्रान्तिको पक्षमा थिए ।

मस्कोको नगर ड्युमा युङ्कर र प्रतिक्रियावादी विचारका विश्वविद्यालयका छात्र स्वयंसेवकहरू (श्वेत रक्षक) को कब्जामा थियो । नगर ड्युमाको मेयर र सभापतिले नै नागरिक सुरक्षा समिति र सैनिक गतिविधिको काम सम्हालेका थिए । नगरको सेनाको कमान्डर रियाब्त्सेव थिए । उनी प्रजातान्त्रिक स्वभावका थिए । उनी सैनिक क्रान्तिकारी समितिको विरोध नगरी तटस्थ रहन चाहन्थे । तर, नगर ड्युमाले उनलाई क्रेमलिन कब्जा गर्न भन्यो । तिनीहरूले उनलाई त्यहाँ बोल्शेभिकहरूले गोली बर्साउने आवश्यकता देख्दैनन् भनेर मनाएका थिए । बोल्शेभिकहरूले क्रेमलिनमाथि आक्रमण गरे ।

१३ र १४ नोभेम्बर दुई दिन मस्को बोल्शेभिकहरूको कब्जामा रह्यो । युङ्कर र श्वेत रक्षकहरूले शान्ति सम्झौता गरेपछि तिनीहरूलाई जान दिइयो । यसप्रकार रुसको पुँजीवादको अन्तिम गढ क्रेमलिनमाथि बोल्शेभिकहरूले विजयको झन्डा फहराइदिए ।

१५ नोभेम्बर

१५ नोभेम्बरको दिन पेट्रोग्रादमा अस्थायी सरकारको अस्तित्व समाप्त भयो । लेनिनले एक बैठकमा भन्नुभयो, "हुकुमको काम भर्खर सुरु भयो ।" देशको विभिन्न ठाउँबाट विजय र समर्थनको समाचार पुग्दै थियो । तर, पार्टीभित्र वैचारिक सङ्घर्ष चर्कदै गयो । अखिल रुसी रेल मजदुर युनियनको कार्यकारिणी समिति क्रान्तिविरोधी एक केन्द्र बनेको थियो । तिनीहरू 'सबै क्रान्तिकारी पार्टीहरूको संयुक्त सरकार' बनाउन चाहन्थे । त्यसमा क्रान्तिमा हारेका मेन्शेभिक र समाजवादी क्रान्तिकारी पार्टीका प्रतिनिधिहरू पनि सामेल गराउन चाहन्थे । लेनिन र पार्टीको केन्द्रीय समिति अखिल रुसी रेल मजदुर युनियनको कार्यकारिणी समिति (भिक्जेल) सँगको वार्तालाई 'युद्धको निम्ति एक कूटनीतिक पर्दा' को रूपमा मात्रै लिन्थे । त्यसको अर्थ हो, वार्ता चलाउने तर नझुक्ने; वार्ता चालू राख्ने; विरोधमा जान नदिने; वार्ता चलाउने र युद्धमा विजय पाउने । तर, पार्टी केन्द्रीय समितिका दुई जना सदस्य कामेनेभ र सोकोलनिकोभले वार्तामा लेनिन र केन्द्रीय समितिको निर्णयविपरीत रेलवे युनियन (भिक्जेल) को मागहरूलाई स्वीकार गरे ।

१५ नोभेम्बरको दिन त्यही विषयलाई लिएर पार्टीको केन्द्रीय समितिको बैठक बस्यो । बैठकले लेनिनको प्रस्तावअनुसार त्यस सम्झौतालाई अस्वीकार गऱ्यो । प्रस्तावमा भनिएको थियो, "सोभियत हुकुमको सिद्धान्तलाई नछोडेसम्म बोल्शेभिक सरकारको नीति फेर्ने कुरै आउँदैन ।" 'संयुक्त समाजवादी सरकार' गठन गर्ने प्रस्तावहरूलाई बैठकले 'क्रान्तिको हडताल भाङ्ने' अर्थात् 'क्रान्तिविरोधी' घोषणा गर्दै प्रस्तावलाई अस्वीकार गऱ्यो ।

बोल्शेभिकहरू राजधानीमा आफ्नो नियन्त्रण कायम गर्न सफल भए तर सरकार स-साना प्रशासनिक कार्य पनि चलाउन सकिरहेको थिएन । तिनीहरूले पुरानो प्रशासन यन्त्रलाई चलाउन सकेनन् । तिनीहरूसँग राम्राराम्रा लेखक र भाषण दिने कार्यकर्ताहरू थिए तर प्रशासकहरू थिएनन् ।

विदेश मन्त्रालयका कर्मचारीहरूले मन्त्रालयको ढोका भित्रैबाट बन्द गरेका थिए । जबरजस्ती ढोका खोलियो तर सबै कर्मचारीले राजीनामा दिए । परराष्ट्रमन्त्री त्रोत्स्कीले कागतपत्र राख्ने ठाउँको साँचो माग्दा साँचो दिएनन्; ताला फोर्न कालिगड बोलाइँदा बल्ल साँचो दिए । तर, पहिलेको सहायक परराष्ट्रमन्त्री नेरातोक गुप्त कागतपत्र लिएर भागिसकेका थिए ।

श्रममन्त्री उल्यात्रिकोभ मन्त्रालय पुग्दा कर्मचारीहरूले उनलाई मन्त्री बस्ने कोठा पनि देखाएनन् । जाडो थियो तर आगो बाल्ने कर्मचारीसमेत थिएन । जनकल्याणमन्त्री अलेक्सान्द्रा कोल्कोन्ताई मन्त्रालय जाँदा कर्मचारीहरू हडतालमा थिए । सहरका सबै लुला-लङ्गडा, बिरामी र भोकाहरूको भिड लाग्यो । हडताली कर्मचारीहरूलाई पक्राउ गरेर साँचो



समाजवादीहरूलाई पनि सरकारमा सामेल नगराएकोमा केही नेताहरू पार्टी केन्द्रीय समितिबाट राजीनामा गर्ने धम्की दिँदै थिए । विरोधी पार्टीहरू आपसमा मिलेर एक अर्कै सरकार बनाउने षड्यन्त्र गर्दै थिए ।

१६ नोभेम्बरको दिन मजदुर र सैनिक प्रतिनिधिहरूको सोभियतहरूको केन्द्रीय कार्यकारिणी (त्से-इ-काह) को बैठक बस्यो । बोल्शेभिक क्रान्तिलाई पहिले समर्थन गर्ने वामपन्थी समाजवादी क्रान्तिकारी पार्टीको एक सदस्य मालकिनले भन्यो, "यदि बोल्शेभिकहरूले



युङ्करहरूविरुद्धको गस्ती गर्दै लालरक्षकहरू

सम्झौता गरेनन् भने पार्टीभित्रै चर्को सङ्घर्ष गरेपछि बाध्य भएर बाहिर आई लडाइँ गर्नुपर्नेछ... ।"

बैठकमा अनेक दाउपेच र प्रस्ताव देखापरे । बोल्शेभिक नीतिलाई हेरफेर गर्न विरोधीहरू लागेका थिए ।

१७ नोभेम्बरको राति स्मोल्नीमा त्से-इ-काहको बैठक भयो । बैठकमा मानिसहरू खचाखच भरिएका थिए । बोल्शेभिक पार्टीकै एक सदस्य लारिनले संविधानसभाको चुनाव नजिक आएकोले 'राजनीतिक नियन्त्रण' लाई समाप्त गर्नुपर्छ भने । उनी प्रेस स्वतन्त्रताको पक्षमा थिए । पार्टीभित्रकै मानिसहरूले उनलाई हाहाहुहु गरे ।

त्यसबारे लेनिन र अरुले उत्पादनका साधनहरूमा भएको व्यक्तिगत मालिकत्व समाप्त गरेजस्तै प्रेसमा भएको व्यक्तिगत मालिकत्व समाप्त गर्ने सैद्धान्तिक प्रश्न अगाडि बढाए । लेनिनले प्रस्ट शब्दमा भन्नुभयो, "गृहयुद्ध अहिले समाप्त भएको छैन; शत्रु अहिले हामीसँग जुध्दै छ । यसकारण, प्रेसको विरोधमाथि नियन्त्रण खुकुलो गर्नु असम्भव छ ।"

प्रेसलाई नियन्त्रण गर्ने वा स्वतन्त्र गर्ने भन्ने विषयमा मतदान गरियो । लेनिनको पक्षमा २५ मत र विपक्षमा २० मत खस्यो । मतबाट हार्नासाथै वामपन्थी समाजवादी क्रान्तिकारीहरूले सैनिक क्रान्तिकारी समितिको पदबाट राजीनामा दिए ।

अरु पार्टीलाई पनि सरकारमा समावेश नगरेकोमा जनकमिसार परिषद् (मन्त्रिमण्डल) बाट नोगिन (वाणिज्य तथा उद्योगमन्त्री), रिकोभ (गृहमन्त्री), मिल्युतिन (कृषिमन्त्री), तओदोरोभिच (खाद्यमन्त्री), उल्यात्रिकोभ (श्रममन्त्री) ले राजीनामा दिए ।

पहिलेका उद्योग वाणिज्यमन्त्री रियाजानोभ, प्रेस विभागको देरविशेभ, सरकारी छापाखानाको अर्बुजोभ, लालरक्षकको युरेन्योभ, श्रम मन्त्रालयको पन्योदोरोभ र सूचनामन्त्री लारिनले मन्त्री पद नत्यागेरै तिनको घोषणामा हस्ताक्षर गरे । कामेनेभ, रिकोभ, मिल्युतिन, जिनोभिएभ र नोगिनले बोल्शेभिक नेतृत्वले गरेको दमन नीतिलाई सहन नसकेकोमा केन्द्रीय समितिकै सदस्यताबाट राजीनामा दिए । पार्टी र सरकारभित्रको यस गोलमालले विरोधीहरू खुसी भए ।

बोल्शेभिकहरूले पनि पार्टी केन्द्रीय समितिको बैठकअनुसार नै पार्टी विरोधीहरूसँग जस्तालाई तस्तैको सङ्घर्ष गरे । कामेनेभ मजदुर र सिपाहीहरूको प्रतिनिधिहरूको सोभियतहरूको केन्द्रीय कार्यकारिणी (त्से-इ-काह) को अध्यक्ष थियो । उसलाई झिकेर त्यसको पदमा स्वेर्दलोभ राखिए । पेट्रोग्रादको सोभियतको अध्यक्ष जिनोव्येभलाई पनि त्यस पदबाट हटाइयो । श्रममन्त्री उल्यात्रिकोभ र खाद्यमन्त्री तेओदोरोबिचलाई पार्टी अनुशासनलाई मान्न लगाएर फेरि आफ्नो पदमा राखियो ।

पार्टी र सरकारको स्थितिलाई सारा जनताको अगाडि राख्न लेनिनले पार्टीको नामबाट एक अपिल लेख्नुभयो । १८-१९ नोभेम्बरको त्यस अपिलमा भनिएको छ, "... बोल्शेभिक पार्टीको केन्द्रीय समितिले वामपन्थी समाजवादी क्रान्तिकारी पार्टीका मुख्य तीन सदस्य साथी कम्कोभ, साथी स्भीरो र साथी करेलिनलाई आफ्नो बैठकमा आमन्त्रित गऱ्यो र उहाँहरूलाई नयाँ सरकारमा भाग लिन अपिल गऱ्यो । आमन्त्रित साथीहरूले इन्कार गरेकोमा हामीलाई दुःख छ । क्रान्तिकारी र मजदुरवर्गका पक्षपातीहरूको यो इन्कारी अस्वीकार्य छ ।"

कामेनेभ, जिनोभिएभ, नोगिन, रोकोभ, मिल्युतिन र अरु केही व्यक्तिले १७ नोभेम्बरको दिन हाम्रो पार्टीको केन्द्रीय समिति छोडे र अन्तिम तीन जनाले जनकमिसार परिषद्लाई पनि छाडे ।

हाम्रो साथ छोड्ने ती साथीहरूले भगुवाहरूले जस्तै काम गरे किनभने तिनीहरूले सुम्पेको पद मात्रै छोडेनन् । बरु, तिनीहरूले हाम्रो पार्टीको केन्द्रीय समितिको यस प्रत्यक्ष निर्देशनलाई उल्लङ्घन गरे ।... हामी ती भगुवापनलाई पूर्णतः निन्दा गर्छौं ।

...कामेनेभ र जिनोभिएभले २३ अक्टोबर १९१७ मा पनि पार्टी निर्णयको बैठकमा विद्रोहको विरोधमा मत दिएर भगुवा र हडताल खतम गर्ने रूपमा देखापरेका थिए ।

त्यस अपिलमा भनिएको छ, "...हामी बुद्धिजीवीहरूको ती स-साना पार्टीहरूको दबाबको अगाडि झुक्ने छैनौं... ।"

सैनिक क्रान्तिकारी समितिका पाइलाहरू

'रक्षा समिति', नगर ड्युमा, रेल बाटोको केन्द्रीय समिति र अन्य विरोधीहरूले जनता भोकै मार्ने; मोर्चाहरूमा सिपाहीहरूलाई रसद-पानी रोक्ने; मजदुर र कर्मचारीहरूले ज्याला र तलबै नपाउने षड्यन्त्रहरूलाई अपराधको रूपमा लिने र त्यसलाई कठोर सजाय दिने निर्णय लिएर सैनिक क्रान्तिकारी समितिले २२ नोभेम्बरको दिन एक 'असाधारण सूचना' प्रकाशित गऱ्यो ।

२३ नोभेम्बरको दिन एक विज्ञप्ति प्रकाशित गरेर 'रक्षा समिति' लाई भङ्ग गरेको घोषणा गऱ्यो । २९ नोभेम्बरको जनकमिसार परिषद् (मन्त्रिपरिषद्) ले पेट्रोग्राद नगर ड्युमा भङ्ग गरी अर्को चुनाव गर्ने आदेश दियो ।

पेट्रोग्रादका जनताको इच्छा र आकाङ्क्षाअनुसारको काम नगर ड्युमाले गर्न सकेन । त्यहाँका जनताको प्रतिनिधित्व गर्ने अधिकार त्यसले गुमायो । मजदुर, सिपाहीहरू र किसानहरूको इच्छाको विरोधमा क्रान्तिविरोधी गतिविधि गरेकोमा ३० नोभेम्बरको दिन नगर ड्युमालाई भङ्ग गऱ्यो । ७ डिसेम्बरको दिन पेट्रोग्राद ड्युमाको नयाँ चुनाव गर्ने घोषणा गऱ्यो । ११ डिसेम्बरको दिन नगर ड्युमा बस्ने घोषणा गरियो ।

ड्युमामा विरोधी प्रतिनिधिहरूले विज्ञप्तिलाई वास्तै नगरी दुई दिन ड्युमाको बैठक राखे । तिनीहरूले 'रगतको अन्तिम थोपा' सम्म त्यसको विरोध गर्दै जाने निर्णय गरे । १२ डिसेम्बरको दिन बोल्शेभिकहरू ड्युमाको सभा कक्षामा गएर तिनीहरूलाई बाहिर धपाए । आखिरमा त्यसको विरोध गर्दै तिनीहरू 'हिंसाको अगाडि झुक्दै' सभा भवनबाट बाहिर निस्के ।

साभार : अक्टोबर क्रान्ति र यसको महत्त्व



आवास भाडा कम गर्न र ज्याला वृद्धि गर्ने माग गर्दै मजदुरहरूको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै स्पेनको राजधानी म्याड्रिडमा प्रदर्शनमा उत्रेका विश्वविद्यालय विद्यार्थीहरू नोभेम्बर १७, २०२६ को दिन ।

तस्बिर : अलजजिरा

शक्तिशाली एल निनोले विश्वभर खडेरी, आगलागी र खाद्य सङ्कटको जोखिम

पेरिस, १७ नोभेम्बर (एएफपी) । यस वर्ष विकसित शक्तिशाली एल निनोका कारण ब्राजिलमा जङ्गलमा आगलागी, इन्डोनेसियामा वन विनाश र पश्चिम अफ्रिकामा कृषि उत्पादन घट्ने जोखिम बढेको छ । यसले विश्वभर खाद्य सुरक्षामा समेत गम्भीर चुनौती थप्ने संयुक्त राष्ट्रसङ्घका निकाय र मौसमविद्हरूले चेतावनी दिएका छन् ।

मध्य तथा पूर्वी भूमध्यरेखीय प्रशान्त महासागरको सतहको तापक्रम असामान्य रूपमा बढ्ने एल निनोका कारण विश्वव्यापी वर्षा, हावा र तापक्रमको ढाँचामा परिवर्तन आउँछ । यस वर्षको एल निनो डिसेम्बरमा उच्च बिन्दुमा पुग्ने अनुमान गरिएको छ । यसको प्रभाव सन् २०२७ सम्म पनि कायम रहन सक्ने बताइएको छ ।

ब्राजिलको पारा राज्यमा नोभेम्बरको सुरुदेखि पाँच हजारभन्दा बढी डढेलोका घटना भएका छन् । गम्भीर खडेरी र आगलागीका कारण राज्यले आपत्काल घोषणा गरेको छ । आगलागी नियन्त्रण गर्न अमेजन क्षेत्रमा वनस्पति तथा जमिन सफा गर्न आगो लगाउन प्रतिबन्धसमेत लगाइएको छ । यसअघि पेरुले पनि एल निनोसम्बन्धी बाढी र पहिरोको जोखिमका कारण आपत्काल घोषणा गरेको थियो ।

पश्चिम अफ्रिकाको प्रमुख कोको उत्पादक आइभोरी कोस्टमा यस वर्ष उत्पादन २१ देखि २५ प्रतिशतसम्म घट्न सक्ने मौसमविद्हरूले अनुमान गरेका छन् । वर्षामा १० देखि २७ प्रतिशतसम्म कमी र लामो सुक्खा मौसमका कारण कोकोका फल समयअगावै सुक्ने तथा रूखका पात झर्ने जोखिम छ । यसले किसानको आम्दानी र मुलुकको निर्यात राजस्वमा असर पार्नेछ ।

यसैगरी, इन्डोनेसियामा यस वर्ष लागेको डढेलोमा एल निनोको प्रमुख भूमिका रहेको अनुसन्धानकर्ताहरूले बताएका छन् । जुलाईदेखि अक्टोबरसम्म दक्षिणपूर्वी एसियामा भएको वर्षाको कमीका लागि एल निनो जिम्मेवार रहेको र जलवायु परिवर्तनले यस्तो अवस्था सिर्जना हुने सम्भावना तथा तीव्रता झन्डै तीन गुणा बढाएको अनुसन्धानकर्ताहरूको निष्कर्ष छ । वन विनाश, दलदली जमिनको दोहन र खानी गतिविधिले पनि आगलागी बढाएको बताइएको छ । सन् २०२६ मा इन्डोनेसियामा हालसम्म करिब २९ लाख हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित भएको नुसानतारा एटलसले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका प्रमुख अलेक्जान्डर डे क्रूका अनुसार एल निनोको प्रभाव न्यूनीकरण गर्न अहिले नै कदम चाल्दा करिब ३६ अर्ब अमेरिकी डलर खर्च हुनेछ । ढिलाइ गरेमा यो लागत बढेर ७३ अर्ब डलर पुग्न सक्छ । उहाँले समयमै काम नगर्नु जलवायु नीतिको सबैभन्दा महँगो विकल्प हुने बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले एल निनोका कारण खडेरी र बाढीबाट खाद्य असुरक्षा थप बढ्ने चेतावनी दिएको छ । जोखिममा रहेका २२ मुलुकमध्ये आधाभन्दा बढी अफ्रिकामा छन् भने अन्य एसिया-प्रशान्त, ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रमा रहेका छन् ।

एफएओका प्रमुख अर्थशास्त्री म्याक्सिमो टोरेरोले द्वन्द्व, आर्थिक सङ्कट, उच्च ऋण र कृषि सामग्रीको अभाव झेलिरहेका मुलुकमा एल निनोले खाद्य प्रणाली थप कमजोर बनाउने बताउनुभएको छ । उहाँले खाद्यान्न उत्पादन मात्र नभई सर्वसाधारणको खाद्यान्नमा पहुँचसमेत प्रभावित हुन सक्ने भएकाले बाली, पशुधन र जलस्रोतको संरक्षणका लागि समयमै तयारी गर्नुपर्नेमा जोड दिनुभएको छ ।

इमरान खानको स्वास्थ्य गम्भीर

लन्डन, १७ नोभेम्बर (एएनआई) । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानका छोराहरूले जेलमा उहाँलाई शारीरिक तथा मानसिक यातना दिइएको आरोप लगाउँदै तत्काल उपचार र परिवारसँग सम्पर्कको व्यवस्था नगरिए ज्यान जोखिममा पर्न सक्ने चेतावनी दिएका छन् ।

स्काई न्युजसँगको अन्तर्वार्तामा सुलेमान इसा खान र कासिम खानले आफ्ना ७४ वर्षीय बुबालाई अडियाला जेलमा दिनको २२ देखि २३ घण्टासम्म एकान्त कारावासमा राखिएको र स्वतन्त्र चिकित्सकको पहुँचबाट वञ्चित गरिएको बताउनुभयो । उहाँहरूको दाबीअनुसार खानको रक्तचाप करिब १९३ पुगेको छ र तत्काल उपचार आवश्यक छ ।

छोराहरूले सर्वोच्च अदालतले गत अगस्ट १८ मा खानलाई सिफा अन्तर्राष्ट्रिय अस्पतालमा उपचार गराउन तथा परिवारसँग नियमित फोन सम्पर्कको व्यवस्था गर्न दिएको आदेश कार्यान्वयन नभएको आरोप लगाएका छन् । खानले पनि हालै सार्वजनिक गर्नुभएको खुला पत्रमा रक्तचाप १९२ देखि १९३ पुगेको, मस्तिष्कमा रक्तस्राव र हृदयाघातको उच्च जोखिम रहेको तथा दाहिने आँखाको ८५ प्रतिशत दृष्टि गुमाएको उल्लेख गर्नुभएको छ । उहाँले सन् २०२५ डिसेम्बर २० देखि दैनिक २२ घण्टा एकान्त कारावासमा राखिएको र भेटघाट तथा कानुनी परामर्शमा प्रतिबन्ध लगाइएको बताउनुभएको छ ।

छोराहरूले बुबासँग अन्तिमपटक गत मार्च २२ मा फोनमा कुरा गरेको र सन् २०२२ नोभेम्बरयता व्यक्तिगत रूपमा भेट्न नपाएको बताएका छन् । हत्याको प्रयासमा गोली लागेर घाइते भएको केही समयपछि सन् २०२३ अगस्टमा खान पक्राउ पर्नुभएको थियो ।

अदालतको आदेशअनुसार खानलाई निजी अस्पतालमा सार्नुपर्ने भए पनि अधिकारीहरूले उहाँलाई राज्यद्वारा सञ्चालित पाकिस्तान इन्स्टिच्युट अफ मेडिकल साइन्सेज (पिम्स) मा केही समय राखेर पुनः जेल फर्काएको पाकिस्तानी सञ्चारमाध्यमले जनाएका छन् ।

क्यानाडा र चीनबिच थप शुल्क कटौतीमा सहमति

सेन्जेन (चीन), १७ नोभेम्बर (एएफपी) । क्यानाडा र चीनले व्यापार विस्तार गर्ने उद्देश्यले थप भन्सार शुल्क कटौती गर्ने सहमति गरेका छन् । क्यानाडाका प्रधानमन्त्री मार्क कार्नी र चिनियाँ राष्ट्रपति सी चीनफिडबिच एपेक शिखर सम्मेलनका क्रममा भएको भेटवार्तापछि यस्तो सहमति भएको हो ।

कार्नीको कार्यालयका अनुसार यसबाट क्यानाडाको करिब ४० करोड क्यानेडियन डलर बराबरको निर्यातमा थप भन्सार छुट हुनेछ । यसमा चिस्यानमा राखिएको सुँगुरको मासु, माछा र समुद्री खाद्यवस्तु समावेश छन् । त्यसको बदलामा क्यानाडाले चिनियाँ स्टिल र आल्मुनियमका केही उत्पादनमा दिइएको भन्सार छुट दुई वर्ष थप्नेछ ।

अमेरिकामाथिको व्यापारिक निर्भरता घटाउन खोजिरहेका कार्नीले सन् २०३० सम्म चीनतर्फको निर्यात ५० प्रतिशतले बढाउने लक्ष्य निर्धारित समयभन्दा अगाडि नै पूरा हुने बताउनुभएको छ । चिनियाँ राष्ट्रपति सीले पनि दुई देशबिचको सम्बन्ध सुधारले दुवै देशको हित र विश्वको स्थिरता तथा समृद्धिमा योगदान पुग्ने बताउनुभयो ।

वर्षौंदेखि कूटनीतिक तनाव र भन्सार शुल्क विवादमा रहेका दुई देशबिच सम्बन्ध सुधारको प्रयास भइरहेको छ । सन् २०१८ मा क्यानाडाले अमेरिकी पक्राउ पुर्जीका आधारमा हुवावेका संस्थापककी छोरीलाई पक्राउ गरेपछि चीनले दुई क्यानाडेली नागरिकलाई हिरासतमा लिएको थियो । त्यसपछि दुवै देशले एकअर्काका निर्यातमा शुल्क लगाएका थिए ।

यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्यानाडाको अटोमोबाइल क्षेत्रमा दण्डात्मक शुल्क लगाउनुभएको थियो । कार्नी गत अगस्टमा अमेरिकासँगको व्यापार वार्ताबाट बाहिरिनुभएको भए पनि पछिल्लो समय दुवै देशबिच सम्झौताको सम्भावना देखिएको छ ।

विश्व सङ्क्षेप

कोस्टारिकामा पत्रकारको गोली हानी हत्या

सान जोसे, १७ नोभेम्बर (एएफपी) । लागुऔषध तस्कर र राजनीतिज्ञबिचको कथित सम्बन्ध सार्वजनिक गर्दै आएका कोस्टारिकाका स्वतन्त्र पत्रकार क्यामिलो रोड्रिगेजको राजधानी सान जोसेनजिकै गोली हानी हत्या गरिएको छ ।

प्रहरी प्रमुख राउल रिभेराका अनुसार सोमबार सान्टो डोमिङ्गो डे हेरेडिया सहरमा गाडी चलाइरहेका ५० वर्षीय रोड्रिगेजमाथि मोटरसाइकलमा आएका दुई व्यक्तिले गोली प्रहार गरेका थिए । उहाँले यसअघि लागुऔषध तस्कर समूहबाट ज्यान मार्ने धम्की पाएको बताउनुभएको थियो ।

रोड्रिगेजले लागुऔषध कारोबारी र राजनीतिक तथा व्यावसायिक क्षेत्रका प्रभावशाली व्यक्तिबिच सम्बन्ध रहेको दाबी गर्दै आउनुभएको थियो । राष्ट्रपति लौरा फर्नान्डिजले हत्याको निन्दा गर्दै यसलाई अभिव्यक्ति स्वतन्त्रतामाथिको आघात बताउनुभएको छ । गत वर्ष आफ्नो घर तस्करको पैसाबाट बनेको आरोप लगाएपछि उहाँले रोड्रिगेजविरुद्ध मानहानिको मुद्दा दायर गर्नुभएको थियो ।

पत्रकार सङ्घले घटनाको शीघ्र अनुसन्धान गर्न माग गरेको छ । पछिल्ला वर्षमा कोस्टारिका लागुऔषध तस्करीको प्रमुख केन्द्र बन्दै गएको छ । महान्यायाधिवक्ता कार्लो डियाजले हत्याको अनुसन्धान सुरु भएको जनाउँदै रोड्रिगेजले साक्षी संरक्षण कार्यक्रममा सहभागी हुन अस्वीकार गर्नुभएको जानकारी दिनुभएको छ ।

रुसी विमानद्वारा जापानी हवाई क्षेत्र उल्लङ्घन गरेको आरोप

टोकियो, १७ नोभेम्बर (एएफपी) । दुई संदिग्ध रुसी सैन्य विमानले आफ्नो हवाई क्षेत्र उल्लङ्घन गरेको आरोप लगाउँदै जापानले लडाकू विमान परिचालन गर्दै रुससँग कडा विरोध जनाएको छ ।

जापान सरकारका प्रवक्ता मिनोरु किहाराका अनुसार मङ्गलबार बिहान फुकुओकाको दक्षिणपश्चिममा पर्ने ओकिनोसिमा टापुनजिकै रुसी विमान जापानी हवाई क्षेत्रमा प्रवेश गरेका आरोप लगाइएको छ । त्यसपछि जापानको आत्मरक्षा बलले ती विमानलाई चेतावनी दिन लडाकू जेट परिचालन गरेको थियो ।

किहाराले हवाई क्षेत्रको उल्लङ्घन जापानको सार्वभौमिकता र सुरक्षामाथिको गम्भीर खतरा भएको बताउँदै यस्तो गतिविधि अस्वीकार्य रहेको उल्लेख गर्नुभयो । उहाँले कूटनीतिक माध्यमबाट रुससँग कडा विरोध जनाइएको र घटना नदोहोऱ्याउन माग गरिएको जानकारी दिनुभयो ।

यसैबिच, दक्षिण कोरियाले पनि आफ्नो हवाई रक्षा पहिचान क्षेत्रमा प्रवेश गरेका रुसी विमानको निगरानीका लागि लडाकू जेट परिचालन गरेको जनाएको छ । यद्यपि, रुसी विमानले दक्षिण कोरियाको सार्वभौम हवाई क्षेत्र उल्लङ्घन नगरेको सियोलले स्पष्ट पारेको छ ।

जापान र रुसबिच प्रशान्त महासागरका विवादित टापुको स्वामित्वलाई लिएर दशकौंदेखि तनाव रहँदै आएको छ । युक्रेन युद्धपछि जापानले रुसविरुद्ध अन्तर्राष्ट्रिय प्रतिबन्धमा सहभागिता जनाएसँगै सम्बन्ध थप बिग्रिएको हो । गत अगस्टमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले विवादित कुरिल टापुको भ्रमण गरेको तथा त्यहाँबाट क्षेप्यास्त्र परीक्षण गर्ने रुसको घोषणाप्रति पनि जापानले विरोध जनाएको थियो ।

न्यूनतम ज्याला बढाउन बङ्गलादेशका गार्मेन्ट कामदारको प्रदर्शन

ढाका, १७ नोभेम्बर (एएनआई) । मासिक न्यूनतम ज्याला ३० हजार टाका पुऱ्याउन माग गर्दै बङ्गलादेशका गार्मेन्ट कामदारले राजधानी ढाकाको मिरपुर क्षेत्रमा प्रदर्शन गरेका छन् । देशका विभिन्न औद्योगिक क्षेत्रमा श्रमिक आन्दोलन चर्किएपछि करिब ४० वटा कारखाना बन्द भएका छन् ।

प्रदर्शनकारीले सडक अवरुद्ध गर्न खोजेपछि प्रहरीले हस्तक्षेप गरी उनीहरूलाई हटाएको थियो । सावरको हेमायतपुरस्थित पद्मार मोरमा सोमबार दिउँसो भेला भएका कामदार प्रहरीको आग्रहपछि शान्तिपूर्वक तितरबितर भएका थिए ।

सावर र आशुलिया औद्योगिक क्षेत्रमा बन्द भएका कारखानामध्ये २७ वटा बङ्गलादेश श्रम ऐनको धारा १३(१) अन्तर्गत बन्द गरिएका थिए भने नौवटा अनिश्चितकालका लागि बन्द गरिएको थियो । अन्य कारखानामा सामान्य बिदा दिइएको थियो ।

आशुलिया औद्योगिक प्रहरी-१ का प्रहरी उपरीक्षक मोहम्मद मोमीनुल इस्लाम भुइयाँका अनुसार एउटा कारखानाका कामदार भोजन विश्रामपछि काममा फर्कन अस्वीकार गर्दै परिसरमै बसेपछि व्यवस्थापनले बिदा घोषणा गरेको थियो । अन्य दुई कारखानाका कामदारले पनि काम रोकेर धर्ना दिएका थिए । यद्यपि, अन्य कारखानामा कामकाज शान्तिपूर्ण रूपमा सञ्चालन भइरहेको उहाँले बताउनुभयो ।

यसैबिच, पूर्वप्रधानमन्त्री शेख हसिनाको गृहनगर गोपालगञ्जमा सम्भावित अशान्ति रोक्न सीमा सुरक्षा बल (बिजिबी) का १० प्लाटुन परिचालन गरिएको छ । सुरक्षा निगरानीका लागि बख्तरबन्द सवारीसाधन, शरीरमा जडान गरिने क्यामेरा र ड्रोनसमेत प्रयोग गरिएको बिजिबीले जनाएको छ ।

हसिना डिसेम्बरमा स्वदेश फर्कने योजनामा रहेको समाचार सार्वजनिक भएपछि अवामी लिगका समर्थकले प्रदर्शन गरेका थिए । त्यसपछि जिल्लामा राजनीतिक गतिविधि बढेकाले सुरक्षा सतर्कता अपनाइएको हो । सन् २०२४ जुलाईको विद्रोहका क्रममा मानवताविरुद्धको अपराध गरेको अभियोगमा बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण-१ ले सन् २०२५ नोभेम्बर १७ मा हसिनालाई मृत्युदण्डको सजाय सुनाएको थियो ।

कार्की...

प्रहरीको अपराध अनुसन्धानको अधिकांश साधन-स्रोत र समय आर्थिक अपराधमा नै खर्चिनु परिरहेकोले अन्य अपराध र सामाजिक शान्ति सुरक्षातर्फ ध्यान कम जानसक्ने सम्भावना बढदै गएको छ । अनुसन्धानमा सङ्गठनभित्रैका हाकिमहरूबाट समेत स्वार्थप्रेरित दबाब आउने वर्तमान अवस्थामा प्रहरीभित्र आर्थिक अपराध हेर्नको लागि CIB र राष्ट्र बैङ्कको संयुक्त संयन्त्र बनाई मुद्दा प्रक्रियाबिना नै टुङ्ग्याउने संयन्त्र खडा गर्नुपर्दछ । मुद्दामा जानुपर्ने अवस्थामा चेक अनादर (देवानी) मुद्दा प्रक्रिया आकर्षित गर्नुपर्दछ । अत: नागरिकका अपेक्षाहरू पूरा गर्न यी कर्मकाण्डी कानुनी तजबिजीबाट मुक्ति पाउनुपर्ने देखिन्छ । यसको लागि विद्यमान कानुनका केही प्रयोजनहरूमा संशोधन गरी विगतका असल कानुनी प्रावधानहरू (प्रहरी अनुसन्धान प्रतिवेदन अदालतमा मुद्दा दायर गर्दाको अवस्थामा मिसिल संलग्न हुनुपर्ने, म्याद थप सोझै अदालतबाट हुनुपर्ने, चालू मिसिलहरूको अवस्था हेर्दा अधिकांशमा सरकारी वकिलको लिखित निर्देशन नहुने गरेको हुँदा लिखित निर्देशनमात्र मान्य हुनुपर्ने गरी कानुनमा संशोधन हुनुपर्ने) लाई पुन:स्थापित गर्नुपर्ने देखिन्छ ।

प्रहरी नियमावलीमा परिभाषित कार्यलाई पूरा गर्ने हेतु आवश्यक निर्देशिकाहरू जारी गर्ने अधिकार गृहमन्त्रालय पठाउन नपर्ने गरी प्रहरी प्रमुखलाई दिइनुपर्दछ ।

सबै अर्धन्यायिक निकायमा दर्ता भएका मुद्दाहरूको एकीकृत Database नेपाल प्रहरी प्रधान कार्यालयमा राख्ने गरी कानुनी व्यवस्था गरिनुपर्दछ ।

अनुसूची-१ अन्तर्गतका मुद्दाहरूको अनुसन्धानको लागि आवश्यक पर्ने National ID Card, टेलिकम सेवा प्रदायक, यातायात व्यवस्था विभागलगायतका निकायका Data हरूमा अनुसन्धान प्रयोजनको लागि प्रहरीको सिधा पहुँच हुने कानुनी व्यवस्था गरिनुपर्दछ ।

भिड व्यवस्थापनको लागि गर्नुपर्ने कार्यहरू :

विशेष सुरक्षाका लागि खटिने विशेष प्रहरी कार्यदल (STF) र अन्य प्रहरी कारबाहीमा परिचालन हुँदा स्पष्ट Standard Operating Procedure (SOP) र Rules of Engagement (ROE) को अनिवार्य व्यवस्था हुनुपर्दछ ।

भदौ २३ गते संसद् भवनतर्फ ब्यारिकेड तोडेर आएका प्रदर्शनकारीहरूलाई पानीको फोहरा (Water Cannon) प्रहार गरेपछि स्थिति नियन्त्रणमा लिन प्रहरी सुरुमा अलमलमा परेको देखियो । प्रदर्शनकारीहरूलाई रोक्न अन्य कुनै तहगत सुरक्षा ब्यारियरहरू नहुँदा प्रदर्शनकारीहरू एकैपल्ट बिनारोकटोक संसद् भवनको नजिक बानेश्वर चोकसम्म निर्वाध रूपले आएको देखिन्छ । उक्त अवस्थामा प्रहरी कमान्डरले सुझबुझ पुऱ्याई प्रदर्शनकारीहरूलाई शान्त रहन आग्रह गरी सुरक्षा कायम गर्न एक हदसम्म सफल हुन सक्दथे । तर, Planned Layered Security Management र संसद् भवनमा खटिएका प्रहरी कमान्डरहरूमा Proper Chain of Command Quality को अभावले प्रहरी सबै हतास अवस्थामा पुगेको र 'संसद् भवन आक्रमण हुन थाल्यो' भन्ने डरको मनोविज्ञानले जथाभावी लाठीचार्ज, अश्रुग्याँस र रबरको गोली प्रहार गर्न थालेको देखिन्छ । जसका कारण प्रदर्शनकारीहरू घाइते र हताहतीको सङ्ख्या बढन थालेपछि उनीहरू आक्रामक भई प्रहरी रक्षात्मक अवस्थामा पुग्न बाध्य भएको देखिन्छ । Stitch In Time Saves Nine अर्थात् समयमा नै होसियारीपूर्वक सुझबुझपूर्ण काम भएमा पछि आउने धेरै क्षतिहरूलाई रोक्न सकिन्छ भन्ने हो । आगामी दिनमा भिडको व्यवस्थापन गर्दा यसमा सुधार गर्नुपर्ने देखिन्छ । प्रहरीले प्रदर्शनकारीमाथि निगरानी राखी घुसपैठिया र उत्तेजना फैलाउने व्यक्तिहरूलाई जतिसक्दो चाँडो Arrest गर्नुपर्दछ ।

भदौ २४ गते संसद् भवन, सर्वोच्च अदालत, सिंहदरबार, शीतल निवास, कान्तिपुर पब्लिकेसनको भवन, भाटभटेनी सुपरमार्केट, हिल्टन होटेललगायत विभिन्न होटेलहरू, निजी व्यापारिक प्रतिष्ठानहरूमा भएका आगजनीहरूमा प्रयोग भएको रसायन जाँच गर्न नेपालभित्र कुनै प्रयोगशाला नभएकोले मित्र राष्ट्र भारतमा जाँच गर्न पठाइएको र नतिजा हालसम्म पनि प्राप्त नभएको यथार्थतामा नेपाल प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालाको स्तरोन्नति गरी विज्ञ (Expert) सहितको व्यवस्थापन गरिनुपर्दछ ।

भदौ २४ गतेको Victor control को आदेशपश्चात् प्रहरीको मनोबल घटेको र प्रहरीबाट खोसिएका/लुटिएका सञ्चार साधनबाट जानकारी पाई प्रदर्शनकारी तथा घुसपैठिया लुटेराहरूको आत्मबल बढेर आक्रमणको Volume एक्कासि बढेको देखिन्छ । आगामी दिनमा यस्ता संवेदनशील विषयहरू सकभर सञ्चारबाट आदेश नदिई सम्बन्धित कमान्डरलाई कोड भाषामा सूचना दिनु सुरक्षित हुनेछ ।

भदौ २३ गते ब्यारिकेड रहेको पछाडीबाट (Everest hospital तिरबाट) प्रदर्शनकारीहरू संसद् भवन र प्रहरी ब्यारिकेडतर्फ आउन सफल भएको देखिन्छ । आगामी दिनमा निषेधित क्षेत्र भित्रका एरियाहरूको सुरक्षा योजना बनाउँदा सासाना बाटा तथा गल्लीहरूमा पनि Full Proof Security राख्नुपर्छ ।

प्रहरीलाई Core Function मा असर पुऱ्याउने कानुनहरू संशोधन तथा प्रतिस्थापन सम्बन्धमा नेपालको संविधानको भाग-२८, धारा २६८ (२) र (३) को व्यवस्थाबारे पर्याप्त छलफल भई पुनर्विचार गरिनुपर्दछ ।

त्रिशुली...

बिहानको चियादेखि बेलुकाको खानासम्म सबै व्यवस्था गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

"हामीहरूको मुख्य एजेन्डा नेपाल सरकारको प्रधानमन्त्री राहत कोषमा जम्मा भएको रकम बाढीपीडितकै हितमा प्रयोग हुनुपर्छ भन्ने हो । बाढीपछि शरीरमा भएको कपडाबाहेक अरू केही नरहेको अवस्थामा जीवन बिताइरहेका छौं । हाम्रै क्षेत्रबाट ९२ जना हराएका छन् । उनीहरूको सनाखतसमेत हुन सकेको छैन । १६ वटा शवभन्दा बढी फेला पारेका छौं ।" उहाँले भन्नुभयो ।

विपद्को घडीमा नेपाल सरकार किन मौन छ भन्दै उहाँले चिसो बढिरहेको अवस्था छ, पुस-माघको जाडोमा हामी कसरी बाँच्ने ? सरकारको ध्यान किन गएन ? बाढीपीडितका लागि स्थायी बासस्थानको व्यवस्था अत्यन्त महत्त्वपूर्ण भएको बताउनुभयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट भने प्रशस्त सहयोग आइरहेको उहाँको भनाइ छ ।

एक वृद्ध स्थानीयले आफ्नो पीडा सुनाउँदै दैनिक जीवनयापन गर्नसमेत कठिन भइरहेको दु:खेसो पोख्नुभयो । उहाँका अनुसार बाढीले घरबास र जीविकोपार्जनको आधार नै कमजोर बनाइदिएपछि बिहान-बेलुकाको छाक टार्नसमेत समस्या भइरहेको छ । आँखाभरि आँसु पार्दै उहाँले आफूहरूको अवस्था बुझिदिने र आवश्यक सहयोग गरिदिने निकायको अपेक्षा रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिकाको आयोजनामा २०८३ मङ्सिर ३ गतेदेखि ९ गतेसम्म सञ्चालन हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत पोर्टबल प्रतियोगिताको

पोर्टबल (छात्र) — टाइ सीट — पोर्टबल (छात्रा)



समय : बिहान ७ बजेदेखि, **स्थान** : श्री पद्म माध्यमिक विद्यालय, दरबार स्क्वायर, भक्तपुर-३

नोट : - उसुको तौल (Weighing) नाप्ने २०८३/८/२ गते सहिद स्मृती खेल मैदानमा, दिनको २:०० बजे
- उसु प्रतियोगिता सुरु हुने मिति २०८३/८/३ गतेदेखि ५ गतेसम्म, **स्थान**: नासमना

पोर्टबलको लागि सम्पर्क नं.: ९८४१३९४८६८ (श्यामसुन्दर मातां)
उसुको लागि सम्पर्क नं.: ९८४११३१६६८ (शुभराम मुनंकर्मी)
९८४१४५८७५० (रुपेश जाकिबन्जार)
३ नं. वडा कार्यालय : ०१-६६१३११०

देशको...

अहिले बैङ्क ब्याजदर घटेको छ । सहकारी संस्थामा पनि ब्याजदर घटेको छ । तर, ब्याजदर घटे पनि कुनै व्यापार-व्यवसाय गर्न या उद्योग खोल्न त्यति लगानी गरेको देखिँदैन । बैङ्क ब्याजदर घटेको अवस्थामा कर्जा प्रवाह तुलनात्मक रूपमा बढ्नुपर्ने हो । तर, त्यो पनि देखिएन । यसको कारण उत्पादनमा असर पर्छ । उत्पादन नभएपछि विदेशी सामान या आयात बढ्नु स्वाभाविक हो । आयात बढेपछि स्वदेशी रकम बिदेसिन्छ; देशको आयस्रोत कम हुन्छ । आयस्रोत कम भएपछि विकासमा प्रभाव पार्छ र जनताको जीवनस्तर ज्युँका त्युँ हुन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुईतिहाइ मत पाउनुको अर्थ अधिकार र शक्ति पाउनुमात्र होइन; त्यो अनुसार काम गर्ने जिम्मेवारी पनि पाउनु हो । विगतको सरकारले गरेको कमजोरी सुधार गर्ने, देश र जनताको पक्षमा गर्न नसकेको काम गरेर देखाउने हो । जनतालाई सुशासनको अनुभूति दिने हो । भ्रष्टाचारी र ठगहरूलाई कारबाही गर्ने हो । सतही काम गरेर गर्व गर्ने र स-साना काम देखाएर देशलाई दूरगामी असर पुऱ्याउने योजना बुनेर जनतालाई धोका दिनु सही होइन । हरेक कार्यालयमा जनताको काममा सहज बनाउने, घुस र ढिलासुस्ती बन्द गराउने, कानुन सबैले पालना गर्न र गराउने तथा न्याय समान पाउनुपर्नेतर्फ सरकार गम्भीर बन्नुपर्छ ।

पहिलो चौमासिकमा २३ प्रतिशत बजेट खर्च

काठमाडौँ, १ मङ्सिर । चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चौमासिकमा सरकारको आम्दानी वार्षिक लक्ष्यको २३ दशमलव ३९ र खर्च २३ दशमलव ३७ प्रतिशत देखिएको छ ।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार कार्तिक मसान्तसम्ममा सरकारले कूल रु. चार खर्ब ९६ अर्ब ५२ करोड ११ लाख बराबर खर्च गरेको हो । यो वार्षिक लक्ष्यको तुलनामा २३ दशमलव ३७ प्रतिशत हुन आउँछ ।

चालुगत शीर्षकमा यस आर्थिक वर्षका लागि रु. १२ खर्ब ७० अर्ब ५८ करोड ९० लाख बजेट विनियोजन भएकोमा कार्तिक मसान्तसम्ममा वार्षिक विनियोजनको २७ दशमलव २९ प्रतिशतअर्थात् रु. तीन खर्ब ४६ अर्ब ७५ करोड २४ लाख खर्च भएको छ ।

त्यस्तै, पुँजीगत शीर्षकमा रु. चार खर्ब ३१ अर्ब १० करोड ६३ लाख बराबर विनियोजन भएको सात दशमलव ५३ प्रतिशतअर्थात् रु. ३२ अर्ब ४४ करोड ८६ लाख खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा यस वर्ष रु. चार खर्ब २२ अर्ब ६४ करोड ९१ लाख बराबर बजेट विनियोजन भएकोमा कार्तिक मसान्तसम्ममा २७ दशमलव ७६ प्रतिशतअर्थात् रु. एक खर्ब १७ अर्ब ३२ करोड खर्च भएको छ ।

सरकारले यस वर्ष रु. १६ खर्ब ४२ अर्ब छ करोड ३७ लाख आम्दानी गर्ने लक्ष्य राखेकोमा कार्तिक मसान्तसम्ममा वार्षिक लक्ष्यको २३ दशमलव ३९ प्रतिशतअर्थात् रु. तीन खर्ब ८४ अर्ब सात करोड बराबर प्राप्ति गरेको छ । कूल रु. १५ खर्ब ८० अर्ब ३१ करोड ८३ लाख राजस्व उठाउने लक्ष्य राखेको सरकारले पहिलो चौमासिकसम्ममा २३ दशमलव ५८ प्रतिशतअर्थात् रु. तीन खर्ब ७२ अर्ब ७१ करोड ८० लाख बराबर राजस्व उठेको छ ।

वैदेशिक अनुदानतर्फ यस वर्ष रु. ६१ अर्ब ७४ करोड ५४ लाख बराबरको वार्षिक लक्ष्य रहेकोमा कार्तिक मसान्तसम्ममा १४ दशमलव पाँच प्रतिशतअर्थात् रु. आठ अर्ब ६७ करोड ३५ लाख बराबर अनुदान प्राप्त भएको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट देखिएको छ । ***रासस***

हार्दिक समवेदना



जन्म : २०२०/०५/१०
निधन: २०८३/०७/२६

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. १० कमलविनायक टोल बस्ने यस संस्थाका सदस्यता नं. ५५०४ का सदस्य **इन्द्रबहादुर खयरगोली**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उपस्थितिको लागि अनुरोध

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष **नारायणमान बिजुक्छे**ज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८३ कार्तिक १३ देखि १८ गतेसम्म सञ्चालन गर्ने तय गरिएको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद (टेबुलटेनिस, भलिबल, फूटबल, कबड्डी, खो खो, एथलेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, करौंते, उसु, तेक्वान्डो, जिम्नास्टिक, पोर्टबल, बाघचाल र कसिमला पाँय) प्रतियोगिता प्रतिकूल मौसमका कारण स्थगित गरिएको विद्यालयस्तरीय खेलकुद प्रतियोगिता मिति २०८३ मङ्सिर ३ गतेदेखि ९ गतेसम्म सञ्चालन हुने व्यहोरा जानकारी गराउँदै उक्त प्रतियोगिताको निम्न मिति, समय र स्थानमा हुने ञ्यालीसहित उद्घाटन कार्यक्रममा सम्पूर्ण नगरवासीहरू, विद्यालयहरू, टिम, क्लब, पुस्तकालय, सङ्घ संस्थालगायत खेलप्रेमीहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

कार्यक्रम

मिति : २०८३ मङ्सिर ३ गते, बिहीबार
ञ्याली सुरु हुने समय : बिहान ११:०० बजे
स्थान : भ.न.पा. वडा नं. ९ दत्तात्रयबाट गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै सहिद स्मृति खेल मैदान
उद्घाटन हुने समय : दिनको १२:३० बजे
उद्घाटन हुने स्थान : सहिद स्मृति खेल मैदान, भ.न.पा. २

हार्दिक समवेदना



जन्म
१९९४/११/२७

स्वर्गारोहण
२०८३/०७/२४

स्व. आसाकुमारी थुसा

यस विद्यालयका शुभचिन्तकद्वय श्री उत्तम थुसा र श्री गौत्तम थुसाका प्रातःस्मरणीय माता तथा यसै विद्यालयको लेखा शाखाका कर्मचारी सुश्री प्रिया थुसाका ममतामयी हजुरआमा **आसाकुमारी थुसा**को असामयिक निधनले विद्यालय परिवार स्तब्ध भएको छ । यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दछौं ।

जेन्युइन ई. स्कूल परिवार
देकोचा-१०, भक्तपुर

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर
विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हुने खेल तालिका

मिति २०८३ कार्तिक १३ देखि १८ गतेसम्म सञ्चालन गर्ने तय गरिएको **भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद** (टेबुलटेनिस, भलिबल, फूटबल, कबड्डी, खो खो, एथलेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, करौंते, उसु, तेक्वान्डो, जिम्नास्टिक, पोर्टबल, बाघचाल र कसिमला पाँय्) प्रतियोगिता प्रतिकूल मौसमका कारण स्थगित गरिएको **विद्यालयस्तरीय खेलकुद** प्रतियोगिता मिति **२०८३ मङ्सिर ३ गतेदेखि ९ गतेसम्म** सञ्चालन हुने भएकोले खेलकुद प्रतियोगिताका निम्न खेलहरू निम्न मिति, समय र स्थानहरूमा सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हुने खेल तालिका

क्र.सं.	खेल	खेल हुने स्थान	मिति	समय	सम्पर्क व्यक्ति	सम्पर्क नं.
१	भलिबल	सहिद स्मृति खेल मैदान, भ.न.पा. २	२०८३/८/५ गतेदेखि	बिहान ८ बजेदेखि	सत्यराम न्हिसुतु	९८४१५०६५७५
२	टेबुलटेनिस	बेखाल टेबुलटेनिस कभर्ड हल, भ.न.पा. १०	२०८३/८/६ गतेदेखि	बिहान १० बजेदेखि	रवि सुवाल	९८४१६२१३२०
३	उसु	नासमना, भ.न.पा. ३	२०८३/८/३ गतेदेखि	बिहान ७ बजे (वइङ्ग)	रुपेश जाकिबन्जार	९८४१४५८७५०
४	पोर्टबल	श्री पद्म मा.वि., भ.न.पा. ३	२०८३/८/५ गतेदेखि	बिहान ७ बजेदेखि	श्यामसुन्दर मातां	९८४१३९४८६८
५	कबड्डी	भेलुखेल (एन्टिक ड्राइभिङ सेन्टर), भ.न.पा. ५	२०८३/८/५ गतेदेखि	बिहान ८ बजेदेखि	पशुपति प्रजापति	९८४१३३४२७४
६	तेक्वान्डो	भेलुखेल, तरकारी बजार, भ.न.पा. ५	२०८३/८/३ गतेदेखि	बिहान ७ बजे (वइङ्ग)	बलराम न्हिसुतु	९८४३२३७१३४
७	बाघचाल	६ वडा कार्यालय प्राङ्गण	२०८३/८/७ गतेदेखि	बिहान १० बजेदेखि	राजुसिं बजिको	९८५१०५५३८७
८	बुद्धिचाल	६ वडा कार्यालय प्राङ्गण	२०८३/८/५ गतेदेखि	बिहान १० बजेदेखि	राजुसिं बजिको	९८५१०५५३८७
९	कसिमला पाँय्	६ वडा कार्यालय प्राङ्गण	२०८३/८/८ गतेदेखि	बिहान १० बजेदेखि	राजुसिं बजिको	९८५१०५५३८७
१०	एथलेटिक्स	सिद्धपोखरी उत्तरतर्फको खेलमैदान, भ.न.पा. १	२०८३/८/४ गतेदेखि	बिहान ७ बजेदेखि	राधेश्याम कवां	९८४१४३२२६२
११	फूटबल	महेश्वरी खेल मैदान, भ.न.पा. ७	२०८३/८/३ गतेदेखि	बिहान ९ बजेदेखि	सुसान दुवाल	९८४००५१००५
१२	ब्याडमिन्टन	लिबाली कभर्ड हल, भ.न.पा. ८	२०८३/८/६ गतेदेखि	बिहान ६:३० बजेदेखि	किशोर गोसाई/रामेश्वर मचामसी	९८४३८०१९९/९८५१०७७५६४
१३	जिम्न्यास्टिक	लिबाली कभर्ड हल, भ.न.पा. ८	२०८३/८/४ गतेदेखि	बिहान ९:३० बजेदेखि	कृष्णराम जाकिबन्जार/शिवकृष्ण चवाल	९८४१६९२९८५/९८४१३५८६५५
१४	करौंते	दत्तात्रय, भ.न.पा. ९	२०८३/८/३ गतेदेखि	बिहान ७ बजे (वइङ्ग)	राजन चित्रकार	९८५११५७८२१/९८४१२१७८२१
१५	खो खो	लामगाल चौर, भ.न.पा. ९	२०८३/८/३ गतेदेखि	दिनको १ बजेदेखि	जितेन्द्र मुनंकर्मी	९८४१४३०१४०

खेलकुद प्रतियोगितासम्बन्धी अन्य थप जानकारीको लागि निम्न व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला ।

१) श्यामकृष्ण खत्री, संयोजक भक्तपुर नगरपालिका, युवा तथा खेलकुद समिति : ९८४१२९२१९५
२) कृष्णगोविन्द सुवाल, सदस्य सचिव, भक्तपुर नगरपालिका, युवा तथा खेलकुद समिति : ९८४१३९५१४९

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा